**दूषित पानीका कारण हुने रोगप्रति सजग रहौं**

फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जन्डिसजस्ता रोग लाग्न सक्छन्। त्यसैले,
- खोला, धारा वा मूलको पानी सीधैं नपिऔं,
- पानी उमालेर मात्र पिऔं,
- उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर पिऔं,
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।
- भाँडाहरु सफा पानीले पखालौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

**जनहितमा जारी सन्देश**
- देशभरि हैजा देखापरिरहेको छ। सफा–सुग्घर तथा स्वस्थकर वातावरण बनाऔं।
- बासी खाना नखाउँ, पानी सफा, सकभर उमालेर खाऔं।
- सडक, फूटपाथमा जथाभावी सामग्रीले बनाएको खाना–नाश्ता बहिष्कार गरौं।
- नित्य स्नान, व्यायाम, प्रातःभ्रमण गरौं।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ भदौ ०७ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 August 23 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ०६

# पर्सागढीका ९५ प्रतिशत दलित बालबालिका विद्यालयबाहिर

नरेश यादव, पर्सागढी, ६ भदौ/

पर्सागढी नगरपालिकामा रहेका दलितहरूको पहुँच अहिलेसम्म विद्यालयमा पुग्न सकेको छैन।

विद्यालय भर्ना समयमा भर्ना हुने र त्यसपछि कक्षा ५ देखि ८ सम्म मात्र


पर्सागढीस्थित दलित बस्ती। तस्वीरः प्रतीक

अध्ययन गर्ने र विद्यालयबाट बाहिरिने क्रम बढ्दो छ। यसो हुनुको मुख्य कारण गरीबी मात्र हो। पर्सागढी नपाको १ देखि ९ वटा वडामा दलितबस्ती छन् र त्यहाँका ९५ प्रतिशत बालबालिकाहरू विद्यालय जाँदैनन्।

शुरूमा भर्ना हुने र धेरैजसो दुई/तीन कक्षामैं पढाइ छाड्ने र केहीले मात्र कक्षा ५ देखि ८ सम्म अध्ययन गर्ने गरेको पाइएको छ। नगरपालिकामा चारवटा माध्यमिक विद्यालय छन्, जसमा एकजना पनि दलित विद्यार्थी छैनन्। नेपाल राष्ट्रिय मावि, बर्वाछटैलीका प्रधानाध्यापक रामबहादुर क्षत्री आफ्नो विद्यालयमा कक्षा १० सम्म एकजना पनि दलित विद्यार्थी नरहेको बताउँछन्।

यसैगरी, नेरामावि, बडेर्वाका प्रअ चेतमनदास थारू, जनता मावि, पकडिया बडनियारका मोहन चौधरी र यसै वर्षदेखि माविमा स्तरवृद्धि भएको नेरामावि, बहुअर्वासिराका प्रअ रामाशीष यादव पनि आफ्नो विद्यालयमा दलित विद्यार्थी नरहेको बताउँछन्। पर्सागढी नपाका वडा नं १ मनवा, २ बागवन्ना, ३ बडनिहार, झबराहा, ४ बकनेर्वा, ५ हर्दिया, ६ चैनपुर, ७ टिकुलिया, ८ हरपुर र ९ बडेर्वामा मुसहर, राम, पासवान, माझी, डोम जातिको बस्ती छ।

बकनेर्वाका रामजनम माझी दलितहरूको नम्बरी जग्गा नभएको र उनीहरू सार्वजनिक ऐलानी जग्गामा गाजिएर बस्नुपरेको बताउँछन्। आर्थिक विपन्नताका कारण बालबालिकाहरूलाई विद्यालय पठाउन नसकेको उनको भनाइ छ। १०–१२ वर्षको उमेरमा बालकहरू कारखाना र अन्य कामहरूमा खट्ने गरेका र बालिकाहरू घर व्यवहारमा लाग्ने गरेका उनले बताए। विद्यालयमा टिकाउ नहुनुको कारण आर्थिक समस्या नै मुख्य रहेको उनी बताउँछन्। परिवारका सदस्यहरूले नकमाएपछि खान पनि समस्या हुने गरेकोले बालबालिकालाई विद्यालय पठाउनुको साटो आय हुने अन्य काममा खटाउने गरेको उनले बताए।

दलित बस्तीमा समूहगतरूपमा मात्र खानेपानीको व्यवस्था छ। सबैको पहुँचमा पिउने पानी छैन। यसैगरी, बिजुलीबत्तीको अवस्था पनि राम्रो छैन। केहीले मात्र सरकारले दिएको निश्शुल्क सुविधा उपभोग गरेका छन् भने बाँकीले हुकिङ गरेर बिजुली उपभोग गर्दै आएका छन्। पर्सागढी नपाले दलितहरूको उत्थानको लागि खासै प्रभावकारी कदम चालेको देखिंदैन। जसले गर्दा यो समुदाय अहिलेसम्म पछि पर्दै आएको छ।

# प्रहरी समायोजन प्रक्रिया अघि बढिसकेको छ –गृहमन्त्री लेखक

प्रस, जनकपुरधाम, ६ भदौ/

सङ्घीय गृहमन्त्री रमेश लेखकले



प्रहरी समायोजन प्रक्रिया अघि बढिसकेको बताएका छन्। बिहीवार बिहान जनकपुर विमानस्थलमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै गृहमन्त्री लेखकले सो कुरा बताएका हुन्।

नेपाल प्रहरी ऐन २०१२ मा आवश्यक संशोधन गर्ने, परिमार्जन गर्ने र कानून नै नयाँ बनाउने गरी गृह मन्त्रालयबाट प्रक्रिया अघि बढाइएको उनले जानकारी दिए। गृहमन्त्री लेखकले भने, "मैले मन्त्रालयबाट निर्णय गरेर अगाडि बढाइसकेको छु। त्यो अर्थ मन्त्रालयमा पुगेको छ। विभिन्न मन्त्रालयहरूको सहमतिपछि संसद्मा जान्छ।"

उनले प्रहरीसम्बन्धी सङ्घका विद्यमान ऐनहरूमा संशोधन/परिमार्जन गरेर प्रहरी समायोजन र प्रदेश प्रहरी गठन हुने बताउँदै प्रहरी समायोजन प्रक्रियाले चाँडै अन्तिम रूप पाउने दाबी गरे। गृहमन्त्रीले मधेस प्रदेशको आफ्नै प्रहरी बल स्थापित हुनेमा विश्वस्त हुन आग्रह गर्दै वर्तमान सरकार मुलुकमा शान्ति, सुव्यवस्था र विधिको शासन कायम गर्न आएको बताए।

मन्त्री लेखकले सुशासन, दिगो शान्ति, विकास र समृद्धि प्राप्त गर्ने कुरामा सरकार अघि बढिरहेको दोहोऱ्याउँदै भने, "यो सरकार डेलिभरी दिनका लागि बनेको हो, डेलिभरी हुन्छ, मुलुकमा शान्ति, सुव्यवस्था, विधिको शासन कायम हुन्छ।"

मुलुकमा राजनीतिक स्थायित्व, दिगो विकास, सुशासन प्रवर्द्धन तथा आर्थिक समृद्धि हासिल गर्ने लक्ष्यका साथ वर्तमान सरकार गठन भएको बताउँदै उनले ती लक्ष्य पूरा गर्न राज्यका सबै संयन्त्रका साथै समाजका हरेक वर्गको सहयोगका लागि जोड दिए।

# बेङ्गा साह माविमा अन्य पालिकाबाट पढ्न आउँछन् विद्यार्थी

प्रस, परवानीपुर, ६ भदौ/

बाराको प्रसौनी गाउँपालिकाको प्रसौनी बजारदेखि पाँच सय मिटर पूर्वपट्टि



तस्वीरः प्रतीक

बेङ्गा साह माध्यमिक विद्यालय रहेको छ। विगत केही वर्षदेखि सो विद्यालयले अब्बल विद्यालयको रूपमा पहिचान हासिल गर्न थालेको छ।

प्रसौनी गापाका सातवटा वडासँगै बाराका कलैया उपमहानगरपालिका, प्रसौनीदेखि दक्षिण विश्रामपुर गापा, फेटा गापालगायतका केही वडाबाट पनि कक्षा १२ सम्मको शिक्षा हासिल गर्न विद्यार्थीहरू आउन थालेको प्रसौनी गापाले जनाएको छ।

वीरगंज–कलैया सडकखण्डसँगै टाँसिएको सो विद्यालयमा हाल नेपाली र अङ्ग्रेजी दुवै माध्यममा दुई हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन्। यसै वर्षदेखि कक्षा ६, ७, ८, ९ का लागि अङ्ग्रेजी माध्यमबाट अध्ययन अध्यापन शुरू गराइएको गापाले जनाएको छ।

एक कार्यक्रममा विद्यालयमा अङ्ग्रेजी माध्यममा अध्ययनरत आठजना विद्यार्थीलाई पुरस्कार वितरण गरिएको छ। यस वर्षको त्रैमासिक परीक्षामा उत्कृष्ट अङ्क ल्याउने प्रत्येक कक्षाका चारजना विद्यार्थीलाई शैक्षिक सामग्रीसहित पुरस्कार दिइएको उनले बताए। कार्यक्रममा गापा अध्यक्ष विनोद जयसवालले गापाको शैक्षिक अवस्था सुधारको लागि आफू निरन्तर खटिरहेको बताउँदै केही कमीकमजोरी भए सुधार गर्ने प्रतिबद्धता जाहेर गरे।

"कुन शिक्षकले पढाउँदैनन्, कहाँ शिक्षकको अभाव छ, कहाँ भौतिक पूर्वाधार र सेवासुविधा चाहिन्छ, सोको जानकारी विद्यार्थी र अभिभावकले मलाई भन्नुपर्छ। त्यसको समाधान म गर्छु," उनले भने। गापा अध्यक्ष जयसवालको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष किरण देवी, शिक्षा शाखा प्रमुख सन्तोष रौनियार, प्रअ मनोज साह, अङ्ग्रेजी माध्यमका कक्षा संयोजक अनुज यादवलगायत विद्यार्थी, अभिभावकको उल्लेख्य सहभागिता थियो।

# भन्सार गुल्मले ४५ हजार लिएर छोड्यो तापक्रम नाप्ने मेशीन

प्रस, परवानीपुर, ६ भदौ/

सशस्त्र प्रहरी बल १३ नं गण पर्सा मातहतको प्रस्तावित वीरगंज भन्सार


तापक्रम नाप्ने मेशीन र इनसेटमा सशस्त्र प्रनाउ सुरज रिमाल। तस्वीरः प्रतीक

राजस्व चुहावट नियन्त्रण गुल्म सशस्त्र प्रहरी बलको युनिटले ४५ हजार आर्थिक लाभ लिएर तापक्रम नाप्ने मेशीन छोडेको छ।

केही साता अघि भारतबाट भारु करीब चार लाखमा खरीद गरी भन्सार छली भित्र्याउँदै गर्दा सो सामान सशस्त्र प्रहरीको चेक प्वाइन्टमा समातिएको थियो। तर बिचौलियाले रु ४५ हजार गुल्मका अधिकारीहरूलाई दिएपछि सो सामान छाडिएको बुझिएको छ।

वीरगंज–पथलैया औद्योगिक कोरिडोर अन्तर्गत एउटा कागज उद्योगमा मेशीनको तापक्रम नाप्न सो मेशीन आवश्यक परेकोले भारतबाट भन्सार छली गरी नेपाल भित्र्याउँदै गरिएको थियो। जीतपुरका जगरनाथ ठाकुरले सो मेशीन भित्र्याएका हुन्।

वीरगंज भन्सारमा सशस्त्र प्रहरीले तस्करीलाई निकै कडाइ गरेको अवस्थामा घूस लिएर तापक्रम नाप्ने मेशीन छोडिएको घटना सार्वजनिक हुनु सशस्त्र प्रहरी र राजस्व चुहावट नियन्त्रण गुल्म वीरगंज भन्सारको लागि निन्दनीय भएको बताइएको छ।

यस विषयमा वीरगंज भन्सारस्थित सशस्त्र प्रहरी बलको प्रस्तावित राजस्व चुहावट नियन्त्रण गुल्मका गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक सुरज रिमालले आफूले घूस लिएर कुनै पनि सामान नछाडेको बताए। एकजना त्यस्तो सामान लिएर आएका थिए तर उनलाई रक्सौल फिर्ता पठाइएको बताउँदै उनले घटनामा सत्यता नभएको दाबी गरे।

"मैले के गरेको छु, कति राजस्व सङ्कलन गरेको छु, कति सामान पक्राउ गरेको छु, त्यसको समाचार लेख्नुस्, कुनै पनि सामान मैले छाडेको छैन। यो सबै निराधार आरोप हुन्," उनले भने।

# मधेसवादी नेताको भ्रष्ट चरित्रका कारण मधेस बदनाम –साह

प्रस, वीरगंज, ६ भदौ/

आम जनता पार्टीका अध्यक्ष प्रभु साहले मधेसवादी दलको भ्रष्ट चरित्रले आज मधेस बदनाम भएको आरोप लगाएका छन्।

बिहीवार बाराको प्रसौनी गाउँपालिकामा आयोजित भेलामा उनले जनतालाई लुट्नु र ठग्नु मधेसी नेताहरूको पेशा भएको बताए। उनले छोरीलाई वितरण गरिने साइकलमा भ्रष्टाचार, दलितहरूको घर निर्माणमा भ्रष्टाचार, कृषकको अनुदानमा भ्रष्टाचार गर्ने मधेसी दलका नेताहरू भएको बताए। अध्यक्ष साहले मधेसवादी दलका नेताहरूको यस्तो कुकृत्यका कारण मधेस बदनाम भएको बताए।

उनले मानव विकास सूचकाङ्कमा तल परेको मधेस प्रदेशमा जम्बो मन्त्रिमण्डल किन चाहियो भन्दै मधेसमा लुट मचाउन मधेसी दलका नेताहरू लागिपरेको बताए। भ्रष्टाचारबाहेक मधेस भ्रष्ट नेताहरूको अन्त्य र आम जनताको शासन व्यवस्थामा सहभागिताका लागि



तस्वीरः सौजन्य

सरकारले कुनै काम गर्न नसकेको बताए।

कुनै पनि सरकारको काम देश र जनतालाई समृद्ध बनाउने रहेको तर मधेस सरकारले हरेक योजनामा भ्रष्टाचार गरी लुट मचाएको बताए। अध्यक्ष साहले तेस्रो जनआन्दोलनको विकल्प नभएको बताए।


उनले दलाल दलतन्त्रविरुद्धको जनआन्दोलनको तयारीमा जुट्न आह्वान गरे। उनले युवाहरू विदेशमा मर्नुपर्ने स्थितिको अन्त्यका लागि तेस्रो जनआन्दोलनको विकल्प नरहेको बताए।

भ्रष्टाचारीहरू अहिले सम्मानित भइरहेका छन् तर स्वभिमानी युवाहरू अपमानित भई विदेशमा मर्नुपर्ने अवस्थाको अन्त्य हुनैपर्छ, उनको जिकिर थियो।

आजपाका नेता गणेश रामको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष अशोक लामा, महासचिव त्रिभुवन साह, सचिव उमेश कुशवाहालगायतको सहभागिता थियो।

**जग्गा बिक्रीमा**

वीरगंज–११ राधेमाई टोलको परसौनी जाने बाटोसँग जोडिएको करीब ५ कट्ठा जग्गा बिक्रीमा रहेको छ। सम्पर्क मोबाइल नं.: ९८१६२४९७००



## विचारसार र सूक्तिहरू

**जो सम्मानले कहिले पनि गर्वित हुँदैनन्, अपमानले क्रोधित हुँदैनन्, क्रोधित भएपनि कठोर वचन बोल्दैनन्, वास्तवमा यस्तै व्यक्ति सबैभन्दा श्रेष्ठ हुन्छन् ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# राम्रो सङ्केत होइन

**आव २०८०/८१ को बजेटमा उल्लेख भएका निजी क्षेत्र तथा अर्थतन्त्रसँग सम्बन्धित योजना कार्यक्रममध्ये करीब २५ प्रतिशत मात्रै पूर्ण कार्यान्वयनमा आएको छ। बजेटमा समावेश कुल ७३ वटा बुँदामध्ये २४.६५ प्रतिशत अर्थात् १८ वटा बुँदा पूर्ण कार्यान्वयन, ५१ वटा बुँदा आंशिक कार्यान्वयन र ५.४७ अर्थात् चारवटा बुँदाको कार्यान्वयन शून्य देखिएका छन् । बजेटमा समावेश बुँदाहरू पूर्ण कार्यान्वयनमा नआउनु चिन्ताको विषय हो । यसले नीति निर्माण, कार्यान्वयन र आर्थिक व्यवस्थापनमा गम्भीर चुनौतीहरू छन् भन्ने सङ्केत गरेको छ। बजेटमा समावेश योजना र कार्यक्रमहरूको कार्यान्वयनमा सरकार र सरकारी निकायहरूको प्रभावकारिता र क्षमताको भूमिका मुख्य हुन्छ । नीति निर्माण राम्रो भए तापनि कार्यान्वयनमा संलग्न निकायहरूमा सक्षमता, समन्वय वा इच्छाशक्ति छैन भने योजनाहरूको पूर्ण कार्यान्वयन सम्भव हुँदैन । त्यसैगरी, बजेट तथा नीति निर्माणको बेला पर्याप्त गृहकार्य हुन सकेन वा नेतृत्व सही रहेन भने पनि यथार्थ बुँदाहरू आउन नसक्ने हुँदा कार्यान्वयन हुन सक्दैन ।**

**बजेटमा उल्लिखित बुँदा कार्यान्वयन नहुनु, बजेट कार्यान्वयन पक्षमा असफल हुनु हो । अतः आव २०८०/८१ को बजेट आंशिक थोरै सफल र धेरै असफल भयो भनेर बुझ्न सक्छौं। नेपालको राजनीतिक परिदृश्यमा अस्थिरता र दलीय विवादहरूले नीति कार्यान्वयनमा अवरोध पुर्‍याउँछ । राजनीतिक अस्थिरताका कारण निर्णय प्रक्रियामा ढिलाइ, योजनामा प्राथमिकताको अभाव र संस्थागत अस्थिरता सिर्जना हुन्छ, जसले योजनाहरूको प्रभावकारी कार्यान्वयनमा असर गर्छ। यसबाहेक बजेटमा समावेश योजना र कार्यक्रमहरूका लागि आवश्यक वित्तीय स्रोतहरूको व्यवस्था हुन नसक्नु, योजना र कार्यक्रमहरू कार्यान्वयनको क्रममा प्राविधिक स्रोत, जनशक्ति र उपकरणहरूको अभाव हुनु र बजेट बनाउने बेला यस्ता चुनौतीहरूको पूर्वानुमान साथै समाधानका उपाय अपनाउन नसक्दा निर्धारित बुँदा कार्यान्वयन हुन सक्दैन । त्यसैगरी, बजेट कार्यान्वयनको क्रममा भ्रष्टाचार, अनियमितता, स्रोत साधनहरूको दुरुपयोग, ढिलासुस्तीले बुँदा कार्यान्वयन असफल हुन्छ। सरकारका योजना र कार्यक्रमहरू अवास्तविक, आधारहीन हुनु, योजनाहरूको प्राथमिकता निर्धारण गर्दा स्थानीय आवश्यकताहरूलाई बेवास्ता गरिनु, स्थानीय र निजी क्षेत्रसँग सरकारले समन्वय गर्न नसक्नुले पनि बजेट तथा बुँदा कार्यान्वयनमा बाधा पर्छ ।**

**बजेटका बुँदाहरू पूर्ण कार्यान्वयन हुन नसक्दा सरकारको विश्वसनीयता घट्छ। जनतामा सरकारप्रति अविश्वास उत्पन्न हुन्छ, जसले राजनीतिक अस्थिरता र सामाजिक असन्तोष बढाउन सक्छ । वैदेशिक सहयोगकर्ता र लगानीकर्ताहरूको विश्वास कमजोर हुन्छ । अर्थतन्त्रमा गम्भीर नकारात्मक असर पर्ने त छँदैछ, बजेटका बुँदाहरू कार्यान्वयन हुन नसक्दा पूर्वाधार विकास, रोजगार सिर्जना र निजी क्षेत्रको विकासमा अवरोध आउँछ। यसले मुलुकको आर्थिक वृद्धिलाई नराम्ररी असर गर्छ। बजेटका बुँदाहरूको आंशिक वा शून्य कार्यान्वयनले राष्ट्रिय स्रोत साधनहरूको गलत प्रयोग बढ्छ। यसले मुलुकको आर्थिक स्रोतलाई अनावश्यक खर्चमा लगाउन प्रेरित गर्छ, जुन विकासका लागि हानिकारक हो । यसले दीर्घकालीन विकास लक्ष्यहरू हासिल गर्न कठिनाइ हुने हुँदा मुलुकको समृद्धि यात्रालाई अवरुद्ध गर्छ । हाम्रो मुलुकको लागि यो राम्रो सङ्केत होइन ।**

# परराष्ट्रमन्त्रीको भारत भ्रमण

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**नेपालका परराष्ट्रमन्त्रीको भारत भ्रमण दुई देशबीचको नियमित उच्चस्तरीय आदानप्रदान अनुरूप रहेको छ। यस्ता भ्रमणहरूले हाम्रा दुई पक्षीय सम्बन्धलाई अझ बढी प्रगाढ बनाउनुका साथै सहकार्यका क्षेत्रमा छलफल गर्ने र समस्या पहिचान गर्ने अवसर पनि प्राप्त गर्दछ।**

परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाको सप्ताहव्यापी भारत भ्रमणले दुई देशबीचको परम्परागत बहुआयामिक सम्बन्धलाई अझ बढी सुदृढ बनाउनुका साथै नेपालको सबैभन्दा ठूलो लोकतान्त्रिक पार्टी नेपाली काङ्ग्रेस र विश्वकै सबैभन्दा ठूलो लोकतान्त्रिक पार्टी भारतीय जनता पार्टीबीच सम्बन्धलाई पनि बलियो बनाउने निश्चित छ। भारतका विदेशमन्त्री डा एस जयशङ्करको मैत्रीपूर्ण निमन्त्रणमा भएको डा आरजु राणाको यस भारत भ्रमणमा दुई देशका परस्पर हितसँग जोडिएका कतिपय विषयमा सहमति भएका छन्। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसित पनि उनको भेटवार्ता भएको छ।

भारतीय प्रधानमन्त्री मोदीसित भएको भेटवार्तामा नेपाल भारत सम्बन्ध सुदृढ गर्ने विषयमा छलफल भएको छ। भारतीय प्रधानमन्त्री मोदीले आफ्नो सामाजिक सञ्जाल एक्समा नेपाल र भारतले बहुआयामिक तथा प्रगतिशील साझेदारी तथा निकट सभ्यताको सम्बन्ध साझा गर्दछन्। हाम्रो विकास साझेदारीमा निरन्तर गतिको प्रगति रहेको उल्लेख गर्दै नेपालका परराष्ट्रमन्त्रीलाई स्वागत गर्न पाउँदा खुशी लागेको छ भनेका छन्। त्यसैगरी नेपालका परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले पनि आफ्नो सामाजिक सञ्जाल एक्समा आफू र मोदीले नेपाल–भारत सम्बन्धको बहुआयामिक विविधताबारे छलफल गरेको उल्लेख गरेकी छन्। यस भ्रमणले हाम्रो उच्चस्तरीय भेटघाटले दुई देशबीचको ऐतिहासिक सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याउने विश्वास व्यक्त गरेकी छन्। परराष्ट्रमन्त्री डा देउवाले नेपालका प्रधानमन्त्री केपीशर्मा ओलीले पठाएको नेपाल भ्रमणको निम्तोपत्र पनि मोदीलाई हस्तान्तरण गरिन्। मोदीले निमन्त्रणप्रति धन्यवाद व्यक्त गर्दै चाँडै नै नेपाल भ्रमणमा आउने इच्छा रहेको बताए। यस अघिका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पनि मोदीको शपथग्रहणमा जेठ अन्तिम साता दिल्ली जाँदा पहिलो भ्रमण नेपालबाट नै गर्न अनुरोध गरेका थिए। मोदीले त्यस बेला पनि सकारात्मक जवाफ दिएका थिए।

त्यसैगरी, परराष्ट्रमन्त्री डा देउवाको भारत भ्रमणमा उनका भारतीय समकक्षी डा एस जयशङ्करसित भएको भेटवार्तामा नेपाल–भारत सम्बन्धका विविध पक्षमा समीक्षा भएको छ। खासगरी हालैका वर्षहरूमा भारतको सहयोगमा नेपालमा सञ्चालित परियोजनाहरूले जुन गति हासिल गरेको छ, त्यसप्रति सन्तोष व्यक्त गर्ने काम भयो। पूर्वाधार, अन्तर्देशीय रेलमार्ग, सडक र पुलसँग सम्बन्धित अन्य परियोजना, एकीकृत जाँच चौकी, पेट्रोलियम पाइपलाइन र डिजिटल वित्तीय कनेक्टिभिटीलगायत कनेक्टिभिटीका भौतिक र डिजिटल साथै जनता–जनताबीचको सम्बन्धबारे पनि छलफल भएको छ। नेपाल र भारतबीच गहिरो ऐतिहासिक सभ्यतागत, सांस्कृतिक र जनता जनताबीचको सम्बन्ध घनिष्ठ र मैत्रीपूर्ण रहिआएका छन्। दुवै परराष्ट्र मन्त्रीबीच दुई पक्षीय छलफलमा दुई पक्षीय पहल र विकास परियोजनाहरूमा भएको प्रगतिको समीक्षा गर्नुका साथै पारस्परिक लाभदायक सहकार्यका विद्यमान र नयाँ क्षेत्रमा थप सहयोगका विषय प्रमुख थिए।

नेपालले अब करीब १००० मेगावाट बिजुली निर्यात गर्न सक्ने र यसले नेपालको लागि आम्दानी र भारतका लागि स्वच्छ ऊर्जाका थप स्रोतहरूको सिर्जना गर्नेबारे चर्चा गर्दै दुवै मन्त्रीबीच ऊर्जा सहकार्यको क्षेत्रमा भएको प्रगतिका सम्बन्धमा पनि वार्ता भएको छ। यस सम्बन्धमा दुवै परराष्ट्र मन्त्रीले दीर्घकालीन ऊर्जा व्यापार सम्झौता कार्यान्वयनका कारण ऊर्जा सहकार्यको क्षेत्रमा अभूतपूर्व अवसर प्राप्त भएकोबारे छलफल गरे। सन् २०१४ मा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाल भ्रमणमा आउँदा नेपाललाई ऊर्जा विकासमा ध्यान केन्द्रित गर्न सुझाव दिएका थिए। त्यति बेला नेपालमा चर्को लोडसेडिङ हुने गर्दथ्यो। मोदीले त्यति बेलै भनेका थिए, तत्काल भारतले नेपालको अँध्यारो अन्त्य गर्न सहयोग गर्ने र पछि नेपालबाट उत्पादित बिजुली खरीद गरेर नेपालको आर्थिक विकासमा मदत गर्नेछ। भारतले त्यति बेलादेखि नेपालमा बिजुलीको निर्यात (बिक्री) गर्ने गरेको हो। नेपाल र भारतबीच विद्युत् विकास सम्झौता र विद्युत् व्यापार सम्झौता भएपछि प्रसारण लाइनको निर्माण पनि पूरा भएको छ। अब वर्षायाममा नेपालबाट उत्पादित बिजुली भारतमा निर्यात (बिक्री) भइरहेको छ र हिउँदमा भारतबाट नेपालमा बिजुलीको आयात (खरीद) भइरहेको छ। यस आर्थिक वर्षको दुई पक्षीय ऊर्जा व्यापारमा नेपाललाई १२ करोडको नाफा भएको छ र यो अब निरन्तर बढ्दै अर्बौं रुपियाँ पुग्नेछ। भारतले आगामी १० वर्षमा नेपालबाट १० हजार मेगावाट बिजुली खरीद गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। अहिले नै नेपालले एक वर्षमा एक हजार मेगावाट बिजुली भारतलाई निर्यात (बिक्री) गर्ने अवस्था आइसकेको छ। यसलाई नेपालको ऊर्जा क्षेत्रमा भएको ठूलो प्रगतिको रूपमा बुझ्न सकिन्छ। भारतले नेपालबाट थप २५१ मेगावाट विद्युत् खरीदका लागि स्वीकृति दिएको छ।

भारतको बेङ्गलोरस्थित नेशनल क्रिकेट एकेडेमीमा नेपाली क्रिकेट टोलीका लागि प्रशिक्षण कार्यक्रमको आयोजना गरिनुलाई ठूलो उपलब्धिको रूपमा लिन सकिन्छ। बेङ्गलोरको क्रिकेट एकेडेमीलाई विश्वकै नम्बर एक क्रिकेट प्रशिक्षण एकेडेमी मानिन्छ। भारतका अधिकांश क्रिकेट खेलाडी त्यहींबाट प्रशिक्षित भएर आउँछन्। नेपालका क्रिकेट खेलाडीहरूमा पनि निकै बढी क्षमता रहेको छ। नेपाली खेलाडीहरूको प्रतिभालाई अझ बढी उजागर गर्न थप र स्तरीय प्रशिक्षणको आवश्यकता महसूस भइरहेको थियो। नेपालमा पनि क्रिकेटको राम्रो भविष्य छ। हालै सम्पन्न टी–२० क्रिकेट विश्वकपमा नेपालको खेलको पूरै विश्वले प्रशंसा गरेको थियो। नेपाल निरन्तर राम्रो प्रदर्शन गरिरहेको छ। बेङ्गलोरस्थित क्रिकेट एकेडेमीमा प्रशिक्षणका दौरान नेपाली खेलाडीहरूले धेरै नयाँ कुरा सिक्नेछन्।

भारत सरकारको छिमेकी पहिलेको नीति अन्तर्गत नेपाल, भारतको प्राथमिकतामा पर्ने साझेदार मित्रराष्ट्र हो। नेपालका परराष्ट्रमन्त्रीको भारत भ्रमण दुई देशबीचको नियमित उच्चस्तरीय आदानप्रदान अनुरूप रहेको छ। यस्ता भ्रमणहरूले हाम्रा दुई पक्षीय सम्बन्धलाई अझ बढी प्रगाढ बनाउनुका साथै सहकार्यका क्षेत्रमा छलफल गर्ने र समस्या पहिचान गर्ने अवसर पनि प्राप्त गर्दछ।

नेपाल र भारतबीच ऐतिहासिक, सभ्यतागत, सांस्कृतिक र जनता–जनताबीचको सम्बन्धका कारण भारत र नेपाल घनिष्ठ र हितैषी छिमेकी हुन्। हालका वर्षहरूमा भारतको सहयोगमा नेपालमा सञ्चालित परियोजनाहरूले गति हासिल गरेका छन्। महाविनाशकारी भूकम्पका कारण ध्वस्त भएका भौतिक संरचनाहरूको पुनर्निर्माणमा भारत सरकारले गरेको सहयोगका कारण सयकडौं पीडितहरू सकुशल पूर्ववत् अवस्थामा फर्केका छन्। पूर्वाधार, अन्तर्देशीय रेलमार्ग, सडक र पुलसँग सम्बन्धित अन्य परियोजना, एकीकृत जाँच चौकी, पेट्रोलियम पाइपलाइन र डिजिटल वित्तीय कनेक्टिभिटीलगायत क्षेत्रमा द्रुतगतिमा भएका कामलाई प्रशंसनीय मान्नुपर्दछ। परराष्ट्रमन्त्री डा आरजु राणा देउवाको यस भारत भ्रमणले दुई पक्षीय सम्बन्धलाई थप प्रगाढ बनाउनेछ।

# 'जलवायु परिवर्तनको असरस्वरूप सोलुखुम्बुको हिमताल फुट्यो'

विचार




अनिल पोखरेल


**जलवायु परितर्वनका कारण हिमाली क्षेत्रमा एक प्रकारको सङ्कट उत्पन्न भइसकेको छ। यस्ता खालका सङ्कटले ठूलो मात्रामा क्षति तथा नोक्सानी ह्वात्तै बढेको पाउन थालेका छौं। जोखिमपूर्ण हिमतालको जोखिम अनुगमन तथा पूर्वचेतावनीका प्रणाली जडान गर्ने साथै जोखिम न्यूनीकरणका उपाय कार्यान्वयनको आवश्यकता टड्कारो रूपमा देखिएको छ।**

सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका–५ मा पर्छ, थामे बजार। सर्वोच्च शिखर सगरमाथा क्षेत्रमा पदयात्रा जानेहरू थामेमा बास बस्ने गर्थे। तर २०८१ साउन ३२ गते शुक्रवार दिउँसो करीब १ बजे ठूलठूला ढुङ्गा र गेग्रानसहितको भीषण बाढीले हेर्दाहेर्दै रमणीय थामे बजारलाई ढुङ्गे बगरमा परिणत गर्‍यो। अकस्मात् आएको बाढीले पर्यटकीय गाउँ थामे बजारका १३ वटा घर पूर्णरूपमा र १० वटामा आंशिक क्षति भएको छ। एउटा विद्यालय, एउटा स्वास्थ्य चौकी पनि बगायो। उक्त दिन पानी खासै परेको थिएन र पनि लेदोसहितको यति ठूलो बाढी र गेग्रान कसरी आयो भन्ने सबैमा ठूलो प्रश्न थियो।

शनिवार बिहान रक्षामन्त्री मानवीर राईको नेतृत्वमा हामी थामे बजार पुग्यौं। त्यहाँ पुगेर प्रभावित परिवारलाई नगद तथा जिन्सी राहत वितरण गर्नाका साथै स्थलगत अवलोकन र स्थानीयसँग अन्तर्क्रिया गर्‍यौं। थामे बजारबाट थामे खोलाको मुहानतर्फ लाग्यौं। त्यहाँ पाँचवटा ताल देख्यौं। त्यसमध्येको सबैभन्दा माथि रहेको ठूलो तालबाट पानी भरिएर बरफसँगै तल्लो तालमा गएर बजारिए छ। त्यसले ठूलो छाल बनाएर निकासतर्फको भाग भत्काएर बाहिर निस्केछ। यस्तो प्रक्रियालाई हिमताल फुटेको भनिन्छ। उक्त पानीले दायाँबायाँका ढुङ्गा, गेग्रानलाई खोतलेर तल लगेर थामे बजारमा थुपार्‍यो।

जल तथा मौसम विज्ञान विभाग, प्राविधिक र विषयविज्ञको सहभागितामा सो घटनाको विस्तृत अनुसन्धान गर्न टोली गठन गरेका छौं। उक्त टोलीले अध्ययन गरिसकेपछि मात्रै निष्कर्षमा पुग्न सकिन्छ। सामान्यतः घटनास्थलको सरसर्ती अवलोकन गर्दा तापक्रम वृद्धिकै कारणले हिमताल विस्फोट भएको अनुमान गर्न सकिन्छ। अहिले कति तापक्रम वृद्धि भयो, विगतको तापक्रमको घटबढको अवस्था के थियो भन्ने पनि अध्ययन गर्छौं। म आफैंले सो क्षेत्रको स्थलगत अवलोकन गरें। त्यहाँ पातला कपडा लगाउँदा पनि सो उचाइमा आश्चर्यजनक गर्मी महसूस भइरहेको थियो। थामे बजारका स्थानीयसँग अन्तर्क्रिया गर्दा पनि उहाँहरूले तीन/चार दिनदेखि नै कालानीला बादल मडारिरहेको बताउनुभयो। बौद्ध धर्म परम्परा अनुसार उहाँहरूले तालसम्म पुगेर पूजाआजा गर्ने उद्देश्यका साथ तयारी गरेका रहेछ। उहाँहरूका अनुसार बाढी आउने दिन बिहान सो क्षेत्रमा पानी परेको थिएन। तर त्यस दिन कालो बादल थियो। उहाँहरूले अहिलेसम्म त्यस खालको कालो बादल नदेखेको बताउनुभयो।

मसिनो तर लगातार पानी परिरहेको, हप्हपी गर्मी। पानी र तापक्रम दुवैका कारण पहिलो ताल फुट्यो। ताल फुटेको सुनिश्चित गर्न हामीले हेलिकोप्टरबाट दुई राउन्ड नजीकबाट अवलोकन गर्‍यौं। ताल फुट्नु पछाडिको कारण भनेकै तापक्रम ह्वात्त बढ्नु हो। त्यो पहिलोपटक फुटेको देखिन्छ। हिमताल पग्लिएपछि माथिल्लो तालबाट हिउँको डल्लासहित तल्लो तालमा बजारिएको अनुमान गर्न सकिन्छ। तल्लो तालको निकासतर्फको भूभाग कमजोर रहेछ। त्यसको भित्र सयौं वर्षदेखिको हिउँको ढिक्का चट्टान रहेको हुन सक्छ। तापक्रम वृद्धि भएपछि त्यो आफैं पग्लिन थालेको अवस्थामा माथिल्लो तालबाट पानी र बरफ बगेर आइसकेपछि त्यसको छालले तल्लो तालको मुख फोड्यो। माथिबाट पानी र बरफ बज्रिएपछि दोस्रो ठूलो तालको पहिल्यै कमजोर भइसकेको मुख फुट्यो। माथिल्लो तालको केहीसहित त्यो पानी ह्वात्तै बग्यो।

माथिल्लो ताल अहिले पनि टिलपिल टिलपिल नै छ। पहिलो तालबाट कति पानी गयो त्यो अहिल्यै भन्न सकिंदैन। रित्तिएको भनेको दोस्रो ताल हो। यसको मूल जड तापक्रम वृद्धि भएर हिमताल पग्लिएर फुटेको हो। सो घटनाको विस्तृत अध्ययन गर्न गठित टोलीले अध्ययन गरेर सो क्षेत्रमा पछिल्ला समय घटबढ भएका तापक्रमको विश्लेषण गरेर निष्कर्ष निकाल्छ। जलवायु परिवर्तनका कारणले हिमाली क्षेत्रमा जोखिम बढ्दो छ भन्ने स्पष्ट भएको छ। थामे बाढीले यसको थप पुष्ट्याइँ गर्छ। जलवायु परिवर्तनकै कारण उक्त घटना भएको हो। किनभने सो क्षेत्रमा कुनै पनि मानवीय गतिविधि छैन। हिमताललाई खल्बल्याउने गरी डोजर चलाउने, रूख काट्ने तथा मानवीय संरचना बनाउने कार्यले सो घटना भएको होइन। मूलतः जलवायु परिवर्तनको

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८



# अर्थ - उद्योग - वाणिज्य



## युवा पलायनः ठूलो आर्थिक क्षति

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**युवाहरू ठूलो सङ्ख्यामा विदेश पलायन हुनुलाई हामी केवल सरकारको समस्याको रूपमा लिइरहेका छौं। नेताहरूको समस्याको रूपमा लिइरहेका छौं। युवा–पलायन रोक्न सरकार र नेताहरूले सोच्नुपर्ने, केही गर्नुपर्ने भन्दै छौं। यथार्थमा यो हामी सबै नेपालीको समस्या हो।**

नेपाली युवाहरू अहिले अभूतपूर्व किसिमले संसारका अनेक देशहरूमा पलायन भइहेका छन्। ठूलो सङ्ख्यामा यसरी युवाहरू रोजगारका लागि विदेशका अन्य राष्ट्रहरूमा जानु आर्थिक हिसाबले देशलाई ठूलो क्षति हो। यो क्षतिले नेपालीको अर्थतन्त्रलाई दीर्घकालसम्म प्रभावित पार्नेछ। अर्थतन्त्र मात्र होइन, राष्ट्रियतालाई समेत प्रभावित पार्नेछ।

अहिले नेपाली युवाहरू ठूलो सङ्ख्यामा अध्ययनका लागि संसारका अनेक राष्ट्र पुगिरहेका छन्। बाहिरबाट हेर्दा युवाहरू उच्च र विशेष शिक्षाको लागि विदेश गएको देखिए पनि, यथार्थमा उनीहरू रोजगारका लागि गएका हुन्। रोजगारको लागि मात्र होइन, भविष्यमा विदेशमैं बस्ने दृढ इच्छाका साथ गएका हुन्। विदेशमा बस्ने दृढ इच्छाका साथ जानु देशको लागि ठूलो क्षति हो। नेपालको लागि दीर्घकालमा चिन्ताको विषय हो। नेपालीहरूको सङ्ख्या घट्नु हो। नेपालको राष्ट्रियता कमजोर हुनु हो। युवाहरू यसरी विदेश पलायन हुनुलाई धेरैले राम्रो मानेका छन्। के त्यस्तै हो त ?

युवाहरू विदेश पलयानको प्रकृति दुई किसिमको छ। पहिलो प्रकृति, युवाहरू रोजगारका लागि मेलेशिया, जापान, कोरिया एवं खाडी मुलुकहरूमा पुगिरहेका छन्। यी स्थानहरूमा युवाहरू पुगेको स्थितिलाई समाज र राष्ट्र तथा नेपाली अर्थतन्त्र दुवैले राम्रो मानेको देखिएको छ। रोजगारका लगि विदेश पुगेका युवाहरूले विदेशबाट आर्जन गरेर पठाउने र देशलाई रेमिट्यान्स प्राप्त हुने भएकोले युवाहरू विदेश पलायन हुने स्थितिलाई समाज र राष्ट्रले राम्रो मानिरहेको छ। तर यो स्थिति दीर्घकालको लागि राम्रो भने होइन। युवाहरूको श्रम र बौद्धिक शक्ति स्वदेशको विकास एवं निर्माणमा नहुनु दुःखद कुरा हो। ठूलो सङ्ख्यामा युवाहरू विदेश पलायन भएमा देशको आर्थिक विकास अवरुद्ध हुन पुग्छ र देश क्रमिकरूपमा रेमिट्यान्समा निर्भर, अति निर्भर हुँदै जान्छ। कुनै पनि देशको अर्थतन्त्र रेमिट्यान्समा निर्भर हुनुको अर्थ हो त्यस देशका उद्योग एवं व्यापारको विस्तार अति सुस्त हुनु। कालान्तरमा अवरुद्ध हुनु हो। रोजगरको क्षेत्र अति सङ्कुचित हुनु हो। अहिले नेपालको स्थिति त्यस्तै छ। देशको अर्थतन्त्र रेमिट्यान्समा आश्रित हुन पुगेको छ। देशभित्र रोजगारको अवसर सीमित छ।

दोस्रो प्रकृति, युवाहरू उच्च र विशेष शिक्षाका लागि संयुक्त राज्य अमेरिका, क्यानाडा, ग्रेट ब्रिटेन, अस्ट्रेलिया, पोर्चुगल, स्वीडेन, फिनल्यान्ड आदि देशहरूमा पुगिरहेका छन्। यी देशमा युवाहरू अध्ययनको लगि गएको देखिए पनि यथार्थमा रोजगारका लागि गएका हुन्। उच्च शिक्षा उनीहरूको लागि केवल माध्यम मात्र हो। विदेश पुगेर, त्यहाँबाट उच्च शिक्षा प्राप्त गरेर, विदेशमा नै स्थायी बसोवास गर्ने किसिमले गएका हुन्। अमेरिका, क्यानाडा, ग्रेट ब्रिटेन, अस्ट्रेलिया पुगेका नेपाली युवाहरू अध्ययन पछि नेपाल फर्केर आएको कमै देखिएको छ। बरु बहुसङ्ख्यक उतै स्थायी बसोवास गरेको देखिएको छ। नेपाल कहिले नफर्किनेगरी दृढ इच्छा सहित संसारका अन्य देशहरूमा बसेको देखिएको छ।

यति ठूलो सङ्ख्यामा युवाहरू विदेश पलयान हुनु नेपालको लागि ठूलो आर्थिक क्षति हो। दुःखद कुरो, नेपालले अहिले त्यही ठूलो क्षति बेहोरिरहेको छ।

युवाहरूमा सृजनात्मक क्षमता अति हुन्छ। उनीहरूमा उत्साह, जोश तथा जाँगर हुन्छ। उनीहरू नयाँनयाँ ज्ञान र प्रविधिबाट राम्ररी परिचित हुन्छन्। यी कारणले गर्दा युवाहरूले नयाँनयाँ किसिमका उद्योग एवं व्यापार सृजना गर्न सक्छन्। यस्तो गरेर देशमा रोजगार सृजना गर्न सक्छन्। बहुसङ्ख्यक व्यक्तिको हातमा आम्दानी पर्ने स्थिति सृजना गरेर देशलाई धनी पार्न सक्छन्। देशलाई धनी पार्ने पहिलो कर्ता युवाहरू नै हुन्। यस कारणले गर्दा कुनै पनि राष्ट्रले युवाहरूको सृजनात्मक क्षमताको अधिकतम उपयोग गर्नुपर्छ। तर हाम्रो देशमा भइरहेको छ उल्टो। हाम्रा युवाहरूको सृजनात्मक क्षमताको उपयोग अन्य राष्ट्रहरूले गरि रहेका छन्।

अब विदेशमा बसेका युवाहरूको स्थितिको केही कुरा गरौं। जापान, दक्षिण कोरिया, मलेशिया एवं खाडीका देशहरूमा रोजगारका लागि पुगेका युवाहरूको स्थिति सोचेजस्तो सुखद छैन। उल्टो बहुसङ्ख्यकको ज्यादै प्रतिकूल छ। खाडीका देश पुगेका युवाहरूले जोखिमपूर्ण कार्य गर्दा दुर्घटनामा परेर धेरैको मृत्यु भएको हामीले सुनेको, भोगेको कुरा हो। अनुकूल जलवायुमा हुर्केका नेपाली युवाहरूलाई खाडीको तातो कार्यस्थलमा कार्य गर्न सहज छैन। असहज पनि उत्तिकै छ। जोखिम पनि उत्तिकै छ।

बहुसङ्ख्यक नेपालीहरूलाई के भ्रम छ भने अस्ट्रेलिया, ब्रिटेन, क्यानाडा, अमेरिका आदि देशमा अध्ययनका लागि पुगेका युवाहरू त्यहाँ पुगेर सुविधायुक्त जीवन बिताइरहेका छन्। आनन्दको जीवन बाँच्न सफल भएका छन्। यो ठूलो भ्रम हो। त्यस्तो केही छैन। केही विद्यार्थी आनन्दको जीवन बाँच्न सफल भएका होलान् तर अधिकांशको स्थिति त्यस्तो छैन। विदेशमा रहेका कतिपय विद्यार्थीहरूले नेपालमा भन्दा कष्टकर जीवन बिताइरहेका छन्। बरु उनीहरू नेपालमा रहेको भए उनीहरूको जीवन सरल हुने थियो। विदेश आएर कष्टकर जीवन बाँच्न बाध्य भएका छन्। अध्ययन समाप्त गरेर पनि राम्रो जागीर पाउने, स्थायी बसोवास अनुमति पाउने टुङ्गो हुँदैन। त्यसमा अनेक समस्या बेहोर्नुपर्छ।

अध्ययनका लागि विदेश आएका नेपाली युवाहरूले दुई कार्य एकैसाथ गर्नुपर्छ। पहिलो अध्ययन गर्ने, दोस्रो आर्जन गर्ने। आर्जन गरेको पैसाले नै उनीहरूले अध्ययन– शुल्क, बसोवास खर्च, औषधी उपचार, यातायात खर्च आदि भुक्तान गर्नुपर्छ। यो समस्या त एकातिर छ नै, अर्कोतिर आफू पुगेको देशमा काम पाउन कठिन छ। काम पाउन सहज छैन। काम पाउन सजह छैन भने विदेश गएको कुनै विद्यार्थीले कसरी आफ्ना अनेक खर्च भुक्तान गर्ने ? यस्तै समस्याको चक्रब्यूहमा अहिले विदेशमा रहेका हजारौं नेपाली विद्यार्थी फँसेका छन्।

आफ्नो देशमा नै रोजगारको अवसर हुँदो हो त यी ओठ निचोर्दा दूध आउने नवयुवा, युवाहरू रोजगारका लागि संसार को अनेकौं देशमा भौतारिनुपर्ने बाध्यता हुने थिएन।

रोजगारका लागि ठूलो सङ्ख्यामा नेपाली युवाहरू विदेश पलायन हुने स्थितिलाई केवल रोजगारसँग मात्र जोडेर हेर्न मिल्दैन। नेपालमा नै पनि रोजगार पाउन सक्ने वा पाएका युवाहरू विदेश पलायन भएका छन्। यस्तो हुनुको मुख्य कारण बहुसङ्ख्यक युवाको विदेशको बसाइ सरल र सुविधायुक्त हुन्छ भन्ने मनोविज्ञान पनि हो। तर यो मनोविज्ञान पूर्ण सत्य भने होइन। विदेशको बसाई सोचेजस्तो सरल छैन।

आफ्नो परिवार, गाउँ, शहर, समाज र राष्ट्र परित्याग गरेर विदेश बस्नु कसरी सुखद हुन सक्छ ? यदि कसैलाई सुखद लाग्छ भने त्यो क्षणिक हो। दीर्घकालीन होइन। आफ्नो देशको, स्वदेशको महत्त्व स्वदेश परित्याग गरे पछि मात्र बोध हुन्छ। परित्याग नगरेसम्म, विदेशमा लामो समय नबसेसम्म विदेशको बसाइ मनोवैज्ञानिक रूपले कष्टकर हुन्छ भन्ने यथार्थ बोध हुँदैन।

युवाहरू ठूलो सङ्ख्यामा विदेश पलायन हुनुलाई हामी केवल सरकारको समस्याको रूपमा लिइरहेका छौं। नेताहरूको समस्याको रूपमा लिइरहेका छौं। युवा–पलायन रोक्न सरकार र नेताहरूले सोंच्नुपर्ने, केही गर्नुपर्ने भन्दै छौं। यथार्थमा यो हामी सबै नेपालीको समस्या हो। हरेक व्यक्ति र परिवारको समस्या हो।

अभूतपूर्व किसिमले युवाहरू विदेश पलायन हुनु ठूलो आर्थिक क्षति हो। सामाजिक क्षति हो। राष्ट्रियता कमजोर हुनु हो।



**मेमेपोखरीः** हिमालचुली हिमालको फेदमा रहेको समुद्र सतहदेखि चार हजार आठ सय मिटर उचाइमा रहेको लमजुङ दोर्दी गाउँपालिका–७ स्थित पर्यटकीय मेमेपोखरी। यहाँ पुग्दा मनोकामना पूरा हुने जनविश्वास रहेको छ। तस्बिरः जनक श्रेष्ठ/रासस

## पर्साका सरकारी कार्यालयको खर्च ५२ प्रतिशत

वीरगञ्ज (पर्सा), ६ भदौ/रासस

मधेश–प्रदेश सरकार मातहतका पर्साका सरकारी कार्यालयले गत आर्थिक वर्ष २०८०र८१ मा विनियोजित बजेटको ५२ दशमलव ३४ प्रतिशत खर्च गरेका छन्।

मधेश प्रदेश सरकारले गत आवमा प्रदेश सरकार मातहतका १६ वटा सरकारी कार्यालय र १४ वटा स्थानीय तहका लागि रू चार अर्ब ५१ करोड ४३ लाख ९५ हजार नौ सय ३८ विनियोजन गरेको थियो।

तर, सरकारी कार्यालयले कुल विनियोजित बजेटमध्ये रू दुई अर्ब ३६ करोड २६ लाख २९ हजार तीन सय ७६ मात्र खर्च गरेका छन्। पर्साका सरकारी कार्यालयले गत आवमा विनियोजित बजेटको ६३ दशमलव ४३ प्रतिशत अर्थात रू ७६ करोड ९५ लाख ८२ हजार चार सय दुई चालु खर्च गरेका छन्।

पर्साका सरकारी कार्यालयले गत आवमा विनियोजित पुँजीगत खर्चको ४८ दशमलव २६ प्रतिशत अर्थात एक रू अर्ब ५९ करोड ३० लाख ४६ हजार नौ सय ७४ खर्च गरेका छन्। प्रदेश लेखा इकाई कार्यालय वीरगञ्जका प्रदेश कोष नियन्त्रक श्यामउदय ठाकुरले गत आवमा प्रदेश मातहत पर्साका सरकारी कार्यालयले विनियोजित बजेटको ५२ दशमलव ३४ प्रतिशत मात्रै खर्च गरेको बताउनुभयो।

''मधेश प्रदेश मातहतका सरकारी कार्यालयले समयमै बजेट खर्च नगर्ने कारण अपेक्षाकृत पुँजीगत खर्च नभएको हो,'' उहाँले भन्नुभयो, ''खर्च गर्दा पनि असार महिनामा मात्रै अत्यधिक खर्च गर्ने परिपाटीले समस्या ल्याएको हो। मलेपको फारम नम्बर अनुसारको खर्च नगर्ने प्रवृत्ति छ।''

कोष नियन्त्रक ठाकुरले बजेट खर्च गर्न समयमै कार्यादेश र बोलपत्र आहवान प्रक्रिया अघि नबढाउँदा समयमा खर्च नहुने समस्या देखिएको धारणा राख्नुभयो। पर्सामा मधेश प्रदेश मातहतका सरकारी कार्यालय १६ वटा र १४ स्थानीय तह छन्।

मधेश प्रदेश सरकारले गत आवमा पर्सा जिल्ला मातहतका १४ स्थानीय तहलाई रू २४ करोड ७३ लाख पाँच हजार बजेट विनियोजन गरेको थियो। सबै स्थानीय तहले सो अवधिमा कूल विनियोजित बजेटको ७३ दशमलव ०४ प्रतिशत अर्थात रू १८ करोड ६ लाख २२ हजार दुई सय ५० खर्च गरेका छन्।

प्रदेश लेखा इकाइ कार्यालय वीरगञ्जका अनुसार गत आवमा प्रदेश मातहतका सरकारी कार्यालयले रू एक अर्ब ६५ करोड ६४ लाख ८१ हजार छ सय ४३ राजस्व सङ्कलन गरेको छ। यो राजस्व रकममध्ये यातायात व्यवस्था कार्यालय वीरगञ्जको हिस्सा रू एक अर्ब ५२ करोड रहेको छ। बाँकी राजस्व अन्य कार्यालयको हो।

## नेप्से परिसूचकमा सामान्य वृद्धि, १९ अर्बको कारोबार

काठमाडौं, ६ भदौ/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार सामान्य अङ्कले उकालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक छ दशमलव शून्य एक अङ्कले उकालो लागेर दुई हजार ९७४ दशमलव ४६ मा पुगेको छ।

कारोबार भएका कुल १३ उपसमूहमध्ये छ उपसमूहको शेयर मूल्यमा गिरावट आउँदा सात उपसमूहको शेयर मूल्य भने बढेको छ। ठूला कम्पनीको कारोबार मापक सेन्सेटिभ परिसूचक तीन दशमलव ७५ अङ्कले उकालो लागेर ५३३ दशमलव ८६ मा पुगेको छ।

कुल चार करोड नौ लाख ५१ हजार ७२० कित्ता शेयर रु १९ अर्ब १६ करोड छ लाख ५२ हजार ८५ मूल्यमा खरीद–बिक्री भएका छन्। नेप्सेका अनुसार तारागाउँ रिजेन्सी होटल, नारायणी डेभलपमेन्ट बैंक, ज्योति विकास बैंक, कर्पोरेट डेभलपमेन्ट बैंक, सिन्धु विकास बैंक, सप्तकोशी डेभलपमेन्ट बैंक, श्री स्टार हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ।

त्यस्तै, एसबिएल डिबेन्चर १०, एनबिबिएल डिबेन्चर तीन दशमलव ९५, बोटलर्स नेपाल बालाजु तीन दशमलव ९२, राष्ट्रिय बीमा कम्पनी तीन दशमलव ७३ र सगरमाथा जलविद्युत् कम्पनीका लगानीकर्ताले तीन दशमलव ७३ प्रतिशतले गुमाएका छन्।

## माडीमा माछाजोन कार्यक्रम लागू

भरतपुर (चितवन), ६ भदौ/रासस

माडी नगरपालिकामा माछा 'जोन' कार्यक्रम लागू भएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइमार्फत माडीमा चालू आर्थिक वर्षदेखि माछा जोन कार्यक्रम लागू भएको हो।

परियोजना प्रमुख तथा वरिष्ठ कृषि अधिकृत महेश रेग्मीका अनुसार माछाको क्षेत्र विस्तार र उत्पादनलाई उद्योगसँग जोडेर किसानलाई व्यावसायिकीकरण गर्ने उद्देश्यले माडीमा जोन स्थापना गरिएको छ। यस वर्ष कार्यालयले मत्स्य पर्यटन प्रवर्द्धन, माछाको उन्नत प्रविधि प्रवर्द्धन, एकीकृत माछापालन, नश्ल सुधार, ह्याचरी सुदृढीकरण, पोखरी निर्माण तथा सिंचाइलगायत क्षेत्रमा परियोजनाले काम गर्नेछ। यो आर्थिक वर्षमा यी कामका लागि रु करोड १७ लाख बजेट विनियोजन गरिएको छ।

माडीका सबै वडामा माछापालन हुने गरेको छ। यहाँ पाँच सय हेक्टर क्षेत्रफलमा माछापोखरी निर्माण गरिएको छ। माडीमा आठ सय हेक्टरमा माछापालन क्षेत्र विस्तार गर्ने योजना रहेको परियोजनाका कृषि अधिकृत इन्द्रशर्मा ढुङ्गानाले जानकारी दिए। कार्यक्रम सञ्चालन गर्न माडीमा सम्पर्क कार्यालय स्थापना गरिएको छ। जोन कार्यालय सञ्चालनका लागि कोपिला सिवाकोटीको संयोजकत्वमा नौ सदस्यीय मत्स्य जोन सञ्चालक समन्वय समिति गठन गरिएको छ।

यस वर्ष कार्यक्रम सञ्चालनका लागि परियोजनाले किसानलाई सूचीकृतका लागि आह्वान गरेको छ। परियोजनाले माछाको सामुदायिक फिड मिल तथा भण्डारणगृह निर्माण, माछाको ह्याचरी सुदृढीकरण तथा सञ्चालन, माछापोखरी सिंचाइ तथा मर्मतसम्भार, मत्स्य पोखरी क्षेत्र विस्तारलगायत कार्यक्रममा प्रस्ताव आह्वान गरेको छ। परियोजनाका कार्यक्रममा ५० देखि ८५ प्रतिशतसम्म अनुदान प्रदान गरिने अधिकृत ढुङ्गानाले जानकारी दिए।

चितवनमा वार्षिक पाँच हजार मेट्रिक टन माछा उत्पादन हुने गर्छ। जिल्लाभर

(बाँकी पाँचौं पातामा)

# समृद्धिको मार्गचित्र

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**पूँजी नभएर देश विकसित नभएको होइन, भएको पूँजीको उचित व्यवस्थापन, उत्पादनमुखी क्षेत्रमा लगानी र मुलुकमैं रोजगार सिर्जना गर्न नसकेर हो । त्यसैले विप्रेषणमुखी अर्थतन्त्रलाई उत्पादनमुखी अर्थतन्त्रमा रूपान्तरण गर्दै लैजानुपर्दछ ।**

नेपाल विशाल दुई छिमेकी मुलुक चीन र भारतबीच रहेको भूपरिवेष्ठित देश हो । समृद्ध प्राकृतिक सौन्दर्य र सांस्कृतिक सम्पदाका बाबजूद नेपालले दशकौंदेखि आर्थिक रूपान्तरणका लागि सङ्घर्ष गरिरहेको छ। राजनीतिक अस्थिरता, सीमित उद्योगीकरण, भौगोलिक चुनौतीलगायत विभिन्न कारणले मुलुकको अर्थतन्त्र सबल हुन सकेको छैन । हुनत नेपाल आफैंमा प्रकृति पर्यावरण, संस्कृति पर्यटन, जलविद्युत्, कृषिमा सबल देश हो । हाम्रो जनसङ्ख्या र भूगोलको संयोजन मिलेको छ। जनसङ्ख्या भूगोल अनुसार धेरै नभएको हिसाबले हामीले चाहचौं भने कृषि, फलफूल तथा दूध, माछा मासुमा सजिलै आत्मनिर्भर हुन सक्छौं। तर, हामीसँग नभएको जाँगर र आत्मविश्वास हो । हामी विदेशमा पैसाका बोट देख्छौं, खुशी देख्छौं, सम्पन्नता देख्छौं तर आफ्नै स्वच्छ हावापानी भएको मुलुकमा केही देख्दैनौं। आफ्नो देशमा काम र श्रम गर्न हामीलाई लाज लाग्छ। परदेशमा दुई–चार डलरमा थाल–प्लेट टिप्न, बाथरूम सफा गर्न ड्युटी गरेको मान्छौं । त्यसैले हो, हामी पछि परेको । वास्तवमा नेपाल उज्ज्वल आर्थिक, सामाजिक भविष्यको शिरमा छ । त्यसैले नेपालको आर्थिक रूपान्तरणका लागि निम्नलिखित क्षेत्रमा विशेष जोड दिनुपर्छ ।

**पर्यटन :** नेपाल विश्वकै एउटा सुन्दर प्राकृतिक देश हो । पर्यटकीय हिसाबले नेपाल विश्वका प्रमुख १० गन्तव्यभित्र पर्छ । विश्वका २८ अग्ला हिमालमध्ये सर्वोच्च शिखर सगरमाथासहित १४ अग्ला हिमशृङ्खला नेपालमैं छन्। आँखाले हेरेर नभ्याउने भीमकाय महाभारत पर्वत नेपालमैं छ। विश्वमै दुर्लभ मानिने ७५० भन्दा बढी प्रजातिका पक्षी, दुर्लभ बाघ, भालु, चितुवा, हरिण, मृग, गैंडा हेर्न यहीं आउनुपर्छ । सयौं भाषा, भेष र संस्कृति यहीं छन्। फरक–फरक जलवायु पनि यहीं छ । अर्थात् नेपालमा अथाह पर्यटकीय सम्भावना छ। नेपालले अरू सब छोडेर पर्यटन क्षेत्रलाई मात्रै प्रवर्द्धन गर्ने र आवश्यक पर्यटकीय पूर्वाधार विकास गर्दै लैजाने हो भने समृद्धिको ढोका सहजै खुल्ने र विदेशी मुद्राको दुःख पनि नहुने अनुमान गरिएको छ। पर्यटन क्षेत्रकन लागि विश्वमा हाल ४०० बिलियन डलर लगानी भइसकेको छ । त्यसमा आधा खर्च चीन र अमेरिकाले गरेको बताइन्छ । लगानी उच्च भएकै कारण चीनमा बर्सेनि १० करोड बढी पर्यटक भित्रिन थालिसकेका छन्। त्यस्तै भारतमा करोडभन्दा बढी मानिसले पर्यटन क्षेत्रमा रोजगार पाएका छन् । राजनीतिक स्थायित्वकै कारण भारतमा पर्यटक आगमन बढेको छ । पछिल्ला दशक पर्यटनमा सम्भावना देखेर नेपालमा पनि होटल क्षेत्रमा ठूलो लगानी भइरहेको छ । होटल तथा पर्यटन पूर्वाधारमा भइरहेको लगानी विस्तारले नेपालमा पर्यटन क्षेत्रबाट समृद्धिको उज्यालो देखिन थालेको छ ।

**जलविद्युत् :** नेपालको समृद्धिको लागि सबैभन्दा ठूलो आधारशिला जलविद्युत् हो । विशेषगरी पछिल्ला दशकमा जलविद्युत् उत्पादनमा नेपालले धेरै प्रयत्न गरिरहेको छ । बैंक तथा वित्तीय संस्थाहरूले पनि जलविद्युत् कम्पनीहरूमा ठूलो लगानी गरिरहेका छन्। धेरैजसो वैदेशिक लगानी जलविद्युत् क्षेत्रमैं केन्द्रित छ। अबको १२ वर्षमा २८ हजार मेगावाट बिजुली उत्पादन हुने आधार तयार भएको ऊर्जा मन्त्रालयको ठहर छ। हाल २८ सय मेगावाट बिजुली उत्पादन गरिरहँदा देशले वार्षिक १६ अर्बको बिजुली निर्यात गर्न थालिसकेको छ । करीब ८३ हजार मेगावाट विद्युत् उत्पादन क्षमता रहेको नेपालका नदीनालाबाट अब एक दशकभित्र कम्तीमा १२/१५ हजार मेगावाट उत्पादन गर्न सकिने विज्ञको भनाइ छ । निर्माणाधीन केही आयोजनाहरू सम्पन्न हुने क्रममा छन् । सयौं आयोजना निर्माणको क्रममा छन् । कम्तीमा एक दशकबीच १५ हजार मेगावाट बिजुली मात्रै उत्पादन हुँदा पनि नेपालको अहिलेको ४०–४२ अर्ब डलरको जिडिपीलाई ठ्याक्कै दोब्बर अर्थात् ८०–८५ अर्ब डलरको बनाउन सकिन्छ ।

सरकारले भारतसँग आगामी १० वर्षमा दश हजार मेगावाट बिजुली लैजाने गरी दीर्घकालीन विद्युत् व्यापारसम्बन्धी प्रारम्भिक सम्झौता गरिसकेको छ । भारतले हालसम्म ठूला र साना आयोजना गरी ५२ हजार मेगावाट बिजुली उत्पादन गरिसकेको र उसको जलविद्युत् उत्पादनको अरू विकल्प नगण्य रहेको बताइन्छ। त्यसकारण पनि भारत अबका दिनमा बिजुलीमा नेपाल निर्भर रहनुपर्ने देखिन्छ। यसैगरी चीनले पनि नेपालसँग विद्युत् खरीद गर्ने सङ्केत दिइसकेको छ। बङ्गलादेशसँग सन् २०४० सम्म १० हजार मेगावाट बिजुली बिक्री गर्ने गरी कुरा अघि बढिसकेको छ । यसरी नेपालको बिजुलीको बजार उज्ज्वल छ। त्यसैले निर्माणाधीन आयोजनाहरूलाई शीघ्र सम्पन्न गरी विद्युत् उत्पादन, प्रसारण लाइन विस्तार आदिका लागि आवश्यक लगानीको जोहो गर्नु जरुरी छ।

**सूचना प्रविधि :** आगामी आर्थिक वर्ष (२०८१/०८२) लाई नेपाल सरकारले सूचना प्रविधि दशकको प्रस्थान वर्ष मान्दै सूचना प्रविधिसँग सम्बन्धित जनशक्तिलाई फेलोसिप र इन्टर्नसिपका सामान्य कार्यक्रमदेखि अत्याधुनिक आइटी हब निर्माण, ई–गभर्नेन्सको माध्यमबाट सार्वजनिक सेवालाई मुहाररहित, कागजरहित, सम्पर्करहित बनाउनेजस्ता महत्त्वाकाङ्क्षी कार्यक्रम ल्याएको छ । सन् २०८१ देखि २०९१ सम्मलाई विज्ञान प्रविधि दशकसमेत घोषणा गर्ने भनिएको छ । सरकारले कृषि, ऊर्जा, पर्यटन, उद्यमशीलता र औद्योगिक विकाससँगै सूचना प्रविधिलाई पनि आर्थिक रूपान्तरण ल्याउन सघाउने क्षेत्रका रूपमा औंल्याएको छ। सरकारले आगामी १० वर्षमा ३० खर्बको सूचना प्रविधि निर्यात गर्ने लक्ष्य लिएको छ । चालू आर्थिक वर्षको बजेटमार्फत सरकारले ५ लाख प्रत्यक्ष र १० लाख अप्रत्यक्ष रोजगार सिर्जना गर्ने लक्ष्यसहित ३० खर्बको प्रविधि निर्यात गर्ने लक्ष्य तय गरेको हो। सूचना प्रविधि उद्योगले आफ्नो नाफा पूँजीकरण गरेमा लाग्ने लाभांश करमा छुट दिने व्यवस्था मिलाएको छ । व्यवसायको क्षमता विस्तारका लागि पूँजी वृद्धि गरेको अवस्थामा परिवर्तनका उचित कारण देखाएमा लाग्ने करमा सहुलियत दिने तथा व्यावसायिक वातावरण सुधारका लागि सरकारले अघि सारेको कन्ट्री रेटिङ, द्विपक्षीय लगानी र दोहोरो करमुक्ति सम्झौता, प्रविधि हस्तान्तरणबापत विदेशमा लैजान पाउने सेवा शुल्कको सीमा वृद्धि र ससानो पूँजी सङ्कलन गरी उद्यम तथा पूर्वाधार विकासमा लगानी गर्ने कम्पनी स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने विषयलाई समेत चालू आर्थिक वर्षको बजेटमा समावेश गरेको छ।

**कृषि आधुनिकीकरण :** नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रले २३.९५ प्रतिशत योगदान गरेको देखिन्छ। अन्य क्षेत्रहरूको तुलनामा यस क्षेत्रले रेमिट्यान्स पछि सबैभन्दा बढी योगदान दिने गरेको तथ्याङ्क छ। कृषिमा आश्रित जनसङ्ख्या घटेर ५० प्रतिशतमा आइपुग्दा कुनै बेला कुल गार्हस्थ्य उत्पादनमा ५० प्रतिशतसम्म योगदान राख्ने कृषि क्षेत्रको योगदान अहिले खुम्चिएको हो । विगत केही वर्षदेखि नेपाल कृषिमा परनिर्भर बन्दा वार्षिक करीब ४ खर्बको कृषिजन्य वस्तु आयात हुन थालेको छ । उता आधाभन्दा बढी कृषियोग्य जमीन बाँझो रहेको अवस्था पनि छ। सरकारले कृषिमा लगानी बढाएर कृषियोग्य सबै जमीनमा खेती गर्ने व्यवस्था गर्ने हो भने कृषिमा देश आत्मनिर्भर हुन सक्छ। यसले विदेश गइरहेको पैसा रोकिन्छ र मुलुकको आर्थिक समृद्धिमा सहयोग पुग्छ। नेपालको औद्योगिक उत्पादन, पानी, औषधि, जडीबुटी तथा बहुमूल्य हिमाली वस्तुहरूको विदेशी बजार भारत तथा चीन नै हुन् । दुवै नेपालका मित्र राष्ट पनि हुन्। तर, नेपालमा कृषिमा आधारित, जल तथा जडीबुटीमा आधारित उद्यमी जन्माउन जरुरी छ। त्यसमा लगानी बढाउन जरुरी छ । बजारको दृष्टिकोणले पनि नेपाल समृद्धिकै छेउछाउ छ। आफ्नो सबलता र सम्भावना आफैंले केलाएर अघि बढ्न जरुरी छ। विकास र समृद्धि, अवसर र खुशीहरू विदेशमा मात्रै छैन, नेपालमा पनि छ। यसको सदुपयोग हामीले गर्नुपर्दछ। अनि मात्र नेपाल सबल आर्थिक समृद्धिको बाटोमा लाग्न सक्छ । देशमा बढ्दो प्रविधिको अवलम्बन, सुधारिएको सिंचाइ प्रणाली र बजारमा पहुँचमार्फत कृषिको आधुनिकीकरणले किसानको उत्पादकत्व र आम्दानी बढाउन सक्छ । जुन कृषि व्यवसाय प्रवर्द्धन र कृषि उत्पादनको मूल्य अभिवृद्धि प्रशोधनले रोजगार सिर्जना गर्न र निर्यात बढाएर व्यापार घाटा कम गर्न सक्छ ।

**पूर्वाधार विकास :** मुलुकमा सडक, पुल, विमानस्थल र सञ्चार सञ्जाललगायत पूर्वाधारमा लगानी आर्थिक वृद्धिका लागि महत्त्वपूर्ण हुन्छ । सुधारिएको पूर्वाधारले व्यापारलाई सहज बनाउँछ, दुर्गम क्षेत्रहरूलाई बजारसँग जोड्छ र लगानी आकर्षित गर्छ। जसले गर्दा सार्वजनिक–निजी साझेदारी र वैदेशिक लगानीले पूर्वाधार विकासलाई तीव्र गति दिन महत्त्वपूर्ण भूमिका खेल्न सक्छ।

**राजनीतिक स्थिरता र सुशासन :** कुनै पनि मुलुकमा राजनीतिक स्थायित्व र प्रभावकारी सुशासन सुनिश्चित गर्नु आर्थिक वृद्धिका लागि आधारभूत पक्ष हो । मुलुकमा लोकतान्त्रिक संस्थाको सुदृढीकरण, आर्थिक मामिलामा राजनीतिक हस्तक्षेप घटाउने, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धनले लगानी र विकासका लागि अनुकूल वातावरण सिर्जना गर्न सक्छ।

**स्वदेशमैं रोजगार सिर्जना :** युवाको जोश, जाँगर र नयाँ विचारलाई उत्पादनमूलक आर्थिक क्रियाकलापमा लगाउँदा अर्थतन्त्र समुन्नतितर्फ लम्कन्छ। युवामा अथाह साहस, जोश, जाँगर र क्षमता छ, जुन नेपालका सन्दर्भमा दिनानुदिन खेर गइरहेको छ । उनीहरू भोलिका कर्णधार मात्र होइनन्, आजका आर्थिक सामाजिक परिचालक पनि हुन्। त्यसैले युवाको ऊर्जालाई मुलुकको अर्थतन्त्र सुधारमा लगाउनु अहिलेको आवश्यकता हो । विकास पूर्वाधारको निर्माण र उपयुक्त आर्थिक नीतिमार्फत लगानी र श्रम गर्नेलाई उत्साहित गर्नु राज्यको प्रमुख दायित्व हो। १५ देखि ६५ सम्मको उमेर समूहलाई कामकाजी वा आर्थिकरूपले सक्रिय जनशक्ति मानिन्छ। यिनै सक्रिय जनशक्तिलाई उत्पादनमा लगाउन सके मुलुकको विकास र समृद्धिका लागि धेरै समय पर्खनुपर्दैन। यसका लागि राज्यले उत्पादनलाई प्रोत्साहन गर्ने र बजार व्यवस्थापनमा सहयोग गर्नैपर्छ।

समग्रमा युवा समुदायको अत्यधिक प्रतिनिधित्व हुनेगरी आर्थिक समृद्धि तथा विकासको रणनीतिलाई व्यावहारिक रूपमा लागू गर्नुपर्दछ। यसले विकासोन्मुख मुलुकको पङ्क्तिबाट नेपाललाई क्रमशः विकासशील तथा विकसित मुलुकको यात्रा तय गर्न सहज हुन्छ । हुनत युवा समुदाय यस्तो सिर्जनशील समूह हो, जसको लगनशीलताबाट प्राप्त विकासले छोटो समयमैं सकारात्मक परिणाम दिन्छ । पूँजी नभएर देश विकसित नभएको होइन, भएको पूँजीको उचित व्यवस्थापन, उत्पादनमुखी क्षेत्रमा लगानी र मुलुकमैं रोजगार सिर्जना गर्न नसकेर हो। त्यसैले विप्रेषणमुखी अर्थतन्त्रलाई उत्पादनमुखी अर्थतन्त्रमा रूपान्तरण गर्दै लैजानुपर्दछ जसले विदेशी हस्तक्षेपमा न्यूनीकरण भई परनिर्भरता अन्त्य हुँदै आत्मसम्मानको प्रत्याभूतिका साथै मुलुकमा आत्मनिर्भर अर्थतन्त्रको विकास हुन्छ। यो नै वर्तमान सरकारको आर्थिक रूपान्तरणाको मार्गचित्र हुनुपर्छ ।



**माछा मार्न जाल बोकेर सनवोरा नदीतर्फ जाँदै महिला:** कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका–१० झलारीका राना थारू समुदायका महिला माछा मार्न जाल बोकेर सनवोरा नदीतर्फ जाँदै । तस्बिर: राजेन्द्रप्रसाद पनेरू/रासस

# जग्गा वर्गीकरण नगर्दा कित्ताकाट रोकियो

चितवन, ६ भदौ/रासस

जिल्लाका सातै स्थानीय तहले जग्गाको वर्गीकरण नगर्दा कित्ताकाट रोकिएको छ । भूउपयोग (पहिलो संशोधन) नियमावली, २०८० जारी भएको एक वर्षभित्र वर्गीकरण गरिसक्नुपर्ने भएपनि स्थानीय तहहरूले गर्न नसक्दा कित्ताकाटको काम रोकिएको हो ।

मालपोत कार्यालय भरतपुरका प्रमुख रमेश गौतमका अनुसार चितवनका सातवटै स्थानीय तहले वर्गीकरणको काम गरेका छैनन् ।

नियमावली विसं २०८० साउन ३२ गते राजपत्रमा प्रकाशित भएको थियो । नियमावली अनुसार विसं २०८१ साउन ३२ गतेभित्र जग्गा वर्गीकरण गरिसक्नुपर्ने हुन्थ्यो ।

जग्गाको वर्गीकरण भइनसकेकाले सरकारले म्याद थपेको अवस्थामा मात्रै अब कित्ताकाट खुल्ने प्रमुख गौतमले जानकारी दिए । देशभरका १५३ पालिकाले मात्रै जग्गाको वर्गीकरण गरेका छन् । गौतमले अब नियमावली संशोधन गरेर म्याद थप्नुको विकल्प नरहेको बताए ।

तत्कालका लागि अंशबन्डाको समेत कित्ताकाट नहुने बताए। जिल्लामा एक महानगरपालिका, पाँच नगरपालिका र एक गाउँपालिका छन् । कित्ताकाट रोकिएपछि मन्दीको मारमा परेको घरजग्गा कारोबार थप प्रभावित हुनेछ।

# सुनको मूल्य तोलामा ११ सयले घट्यो

काठमाडौं, ६ भदौ/रासस

स्थानीय बजारमा पहेंलो धातुको मूल्य बिहीवार तोलामा रु एक हजार एक सयले ओरालो लागेको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार छापावाला सुन बुधवार प्रतितोला रु एक लाख ५३ हजारमा कारोबार भएकोमा आजका लागि रु एक लाख ५१ हजार नौ सय निर्धारण भएको छ। बुधवार सुनको मूल्यमा हालसम्मकै उच्च कीर्तिमान कायम भएको थियो ।

यस्तै, चाँदीको मूल्य प्रतितोला रु पाँचले कम भई आज रु एक हजार ८३० मा कारोबार भएको छ ।

# १९ हजार बढीले लिए सवारी चालक अनुमतिपत्र

चितवन, ६ भदौ/रासस

यातायात व्यवस्था कार्यालय भरतपुरबाट १९ हजार ७४ जनाले सवारी चालक अनुमतिपत्र लिएका छन् । कार्यालयले विसं २०८० वैशाख ४ गतेदेखि सवारी चालक अनुमतिपत्र दिन शुरू गरेको थियो। उनीहरूले नयाँ र वर्ग थप गरेर सवारी चालक अनुमतिपत्र लिएका हुन् ।

कार्यालयका प्रशासकीय अधिकृत सुरेशकुमार चपाईंका अनुसार कार्यालयबाट सवारी चालक अनुमतिपत्र प्रदान तथा नवीकरण गर्दै आएको छ। सो अवधिमा १४ हजार ९०५ जनाले सवारी चालक अनुमतिपत्र नवीकरण गरेको उनले बताए। यस कार्यालयबाट मोटरसाइकल, स्कूटर, कार, जीप, टचाम्पो, ईरिक्शा, टचाक्टर, मिनीबस, बस/ट्रक, एक्साभेटर, ब्याकुलोडर लगायतको सवारी चालक अनुमतिपत्र दिइने गरिएको छ।

उनले भने, "यहाँबाट अत्यधिक मात्रामा मोटरसाइकल, स्कूटर, कार, जीपको सवारीचालक अनुमतिपत्र लिने गरेका छन् ।" यस जिल्लामा अध्ययन




वा रोजगारको सिलसिलामा आएका जो कोहीले पनि सवारी चालक अनुमतिपत्रका लागि आवेदन दिने गरेको उनले बताए।

अधिकृत चपाईंका अनुसार सवारीसाधनको प्रमाण पुर्जाको प्रतिलिपि ७१ जनाले लिएका छन् । गत आर्थिक वर्षमा सवारी दर्ता १३ हजार ९०९ वटा भएका थिए। सवारी दर्ता प्रक्रिया शुरू भएसँगै यस कार्यालयबाट हालसम्म २९ हजार ११ जनाले सवारीसाधन दर्ता गराएका छन्। कार्यालयले गत आर्थिक वर्षमा रु ८८ करोड २० लाख राजस्व सङ्कलन गरेको छ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरज कुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. प्रशान्त कुमार साह (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. स्वेता गुप्ता, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## वाल्जद्वारा पार्टीमा औपचारिकरूपमा उम्मेदवारी दर्ता



तस्वीरः एजेन्सी

शिकागो, ६ भदौ/एएफपी

डेमोक्रेटिक पार्टीका तर्फबाट उपराष्ट्रपति पदका उम्मेदवारका लागि टिम वाल्जले आफ्नो उम्मेदवारीलाई औपचारिकरूपमा स्वीकार गरेका छन्।

पार्टीका तर्फबाट उपराष्ट्रपतिको उम्मेदवारका रूपमा मनोनीत वाल्जले पार्टीको अधिवेशनमा उम्मेदवारी दर्ता गर्दै औपचारिकरूपमा उम्मेदवारीको प्रक्रियालाई अगाडि बढाउन सहमति जनाएका हुन्।

वाल्जले शिकागोमा डेमोक्रेटिक पार्टीको राष्ट्रिय सम्मेलनमा भने, "संयुक्त राज्य अमेरिकाको उपराष्ट्रपतिका लागि तपाईंको मनोनयन स्वीकार गर्न पाउनु मेरो जीवनको सम्मान हो। हामी यो देशलाई माया गर्छौं। त्यसैले त हामी सबै आज यति राति यहाँ एउटा सुन्दर र सरल कारणको लागि भेला भएका छौं।" उपराष्ट्रपति पदका लागि तुलनात्मकरूपमा चर्चा नपाएका मिनेसोटाका गभर्नरले डोनाल्ड ट्रम्पविरुद्ध कमला ह्यारिसको बढ्दो अभियानमा शिकागोको युनाइटेड सेन्टरमा गरिएको उनको सम्बोधनले चामत्कारिक मध्यपश्चिमी माहोल ल्याएको छ।

बिहीवार ह्यारिसको राष्ट्रपतिको उम्मेदवारीले औपचारिकता पाउने भव्य समारोहभन्दा पहिले मञ्च लिंदै, पूर्व शिक्षक तथा राष्ट्रिय सैन्य सुरक्षा अधिकारी वाल्जले एक भाषणमा आफ्नो जीवनकथालाई रेखाङ्कन गरेको र अमेरिकीहरूको स्वतन्त्रताको रक्षा र भविष्यको निर्माणमा ध्यान केन्द्रित गर्न सफल भएको छ।

डेमोक्रेटिक पार्टीको अधिवेशन सम्बोधनको १२औं सदस्य बनेका भीडलाई खुशी तुल्याएका पूर्वराष्ट्रपति बिल क्लिन्टनले ह्यारिसले वाल्जलाई आफ्नो 'रनिङ मेट'को रूपमा चयन गरेर चर्चाको चुलीमा ल्याएको बताएका थिए।

क्लिन्टनले भने, "निर्वाचनमा होमिएका दुईजना नेतासँग सबै अमेरिकीका अझै पनि असम्भव जीवनकथाहरू छन्। यो यहाँ मात्र हुन सक्छ।"

"यदि तपाईंले यो टोलीलाई मतदान गरी निर्वाचित गराए उहाँहरूले निर्वाचनमा मात्र सफलता पाउने नभई यसबाट तपाईंलाई आफ्नो बाँकी जीवनको लागि गर्व गर्ने अवसर मिल्नेछ।"

राष्ट्रपति जो बाइडेनले जुलाई २१ मा पुनः निर्वाचनको उम्मेदवारी फिर्ता लिने निर्णय गरेपछि राष्ट्रपतिको उम्मेदवारीमा अघि सारिएकी डेमोक्रेटिक नेता ह्यारिसको अधिवेशनको अन्त्यमा हुने बिहीवारको भाषणका विषयवस्तुको छनोट र व्यवस्थापन पनि गर्नेछन्।

मङ्गलवार डेमोक्रेटिक सुपरस्टार तथा पूर्वराष्ट्रपति बाराक ओबामा र मिसेल ओबामाले बाइडेनको भावनात्मक भाषणपछि बोल्दै राष्ट्रपति बाइडेनले आफ्ना उपराष्ट्रपतिलाई दिशानिर्देश गर्ने 'टर्च' हस्तान्तरण गरेको बताएका थिए। रासस

## गाजा सम्झौताका लागि बाइडेनद्वारा नेतान्याहुलाई दबाब

वाशिङ्टन, ६ भदौ/एएफपी

मध्यस्थकर्ताहरूको आग्रहमा आयोजित गाजा युद्धविराम वार्ता अवरुद्ध भएपछि अमेरिकी राष्ट्रपति जो बाइडेनले इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुमाथि हमाससँग गाजा युद्धविराम सम्झौताका लागि दबाब दिएका छन्।

वार्ताका लागि गरिएका प्रयास सफल हुन नसकेपछि अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले मध्यपूर्वको भ्रमण अन्त्य गरेको केही समयपछि बाइडेन र नेतान्याहुबीच टेलिफोनमा कुराकानी भएको हो।

मध्यपूर्वमा तनाव बढ्दै जाँदा अमेरिकी कूटनीतिज्ञ स्वदेश फिर्ता हुनुले तत्काल थप वार्ताको सम्भावना देखिँदैन।

यद्यपि सामाजिक सञ्जाल एक्समार्फत बाइडेनले युद्धविराम र बन्धक मुक्तिको सम्झौता बन्द गर्नुपर्ने जनाउँदै बाँकी अवरोध हटाउन आगामी कायरो वार्ताबारे छलफल गरेको जनाएका छन्।

तेहरानले हमासका शीर्ष नेताको हत्याको बदला लिने धम्की दिएपछि उनले नेतान्याहुसँग इरान र यसको आतङ्कवादी समूहबाट हुने खतराविरुद्ध अमेरिकाले इजरायलको रक्षा र समर्थन गर्ने बताए।

ह्वाइट हाउसले पनि अमेरिकी राष्ट्रपति बाइडेनले सम्झौतामा पुग्न तत्काल जोड दिएको जनाएको छ।

उपराष्ट्रपति कमला ह्यारिसले पनि फोनमा नेतान्याहुसँग कुराकानी गरेको स्रोतले जनाएको छ।

एक्सियोस समाचारका अनुसार बाइडेनले नेतान्याहुलाई अमेरिका, इजिप्ट र कतारले मध्यस्थता गरिरहेको वार्तामा थप लचिलो हुन दबाब दिएका छन्।

गत अक्टोबरमा हमासले गरेको आक्रमणपछि बाइडेन प्रशासनले इजरायलको समर्थनका लागि नेतान्याहुलाई सहयोग गर्दै प्यालेस्टिनी लडाकू समूहलाई निष्क्रिय पार्न सैन्य सहायता प्रदान गर्दै आएको छ। रासस

## विस्फोटमा मृतकको सङ्ख्या १७ पुग्यो

अनाकपल्ली, ६ भदौ/एएफपी

आन्ध्र प्रदेशको अनाकपल्लीको अच्युतापुरमस्थित विशेष आर्थिक क्षेत्र (सेज)मा रहेको एक औषधि कम्पनीमा भएको विस्फोटमा परी मृत्यु हुनेको सङ्ख्या बिहीवार १७ पुगेको छ। यस अघि बुधवार दिइएको जानकारीमा कम्तीमा तीनजनाको मृत्यु भएको र १७ जना घाइते भएका बताइएको थियो।

अनाकपल्लीका जिल्ला प्रशासक विजय कृष्णनले मृत्यु सङ्ख्या १७ पुगेको पुष्टि गरेका छन्।

आन्ध्र प्रदेशका मुख्यमन्त्री एन चन्द्रबाबू नायडुले घटनाको उच्चस्तरीय छानबीन गर्न निर्देशन दिएका छन्।

घटनाप्रति दुःख व्यक्त गर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले धेरै व्यक्ति हताहत भएको उक्त दुर्घटनाले मर्माहत बनाएको बताएका छन्। प्रधानमन्त्री कार्यालयले मृतकका परिवारलाई दुई लाख भारतीय रुपियाँ दिने घोषणा गरेको छ।

प्रधानमन्त्री कार्यालयले जारी गरेको विज्ञप्तिमा प्रियजनलाई गुमाउनेहरूप्रति समवेदना तथा घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ।

### आजको राशिफल

| राशि | फल | राशि | फल |
| --- | --- | --- | --- |
| मेष | अलमल | वृष | मनोरञ्जन |
| मिथुन | सफलता | कर्कट | राज्यभय |
| सिंह | वादविवाद | कन्या | यात्रालाभ |
| तुला | शत्रुभय | वृश्चिक | कार्यनाश |
| धनु | उदरपीडा | मकर | विजय |
| कुम्भ | धनखति | मीन | ज्ञानोदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया








**रोपाइँ जात्राः** इलामको सदरमुकामस्थित चोक बजारमा बिहीवार निकालिएको रोपाइँ जात्रामा नृत्य प्रस्तुत गर्दै नेवार समुदायका युवा। तस्बिरः रामकुमार लिम्बू/रासस

## स्वास्थ्य बीमाको सुविधा थैली कार्यान्वयनमा

काठमाडौं, ६ भदौ/रासस

स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत उपलब्ध गराइने सुविधा थैली अन्तर्गतका सेवाको परिमार्जित विवरण र दर कार्यान्वयन गरेको छ।

स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत उपलब्ध गराइने सुविधा थैली अन्तर्गतका सेवासुविधा लागू गरिएको बोर्डका जनस्वास्थ्य अधिकृत विकेश मल्लले जानकारी दिए। बोर्डले परिमार्जन गरिएको सुविधा थैली गत साउन १ गतेदेखि लागू गर्ने भने पनि तयारी नपुगेको कारणले भदौदेखि लागू गरिएको हो।

बोर्डले विज्ञहरूको सुझाव अनुसार र बजारको अवस्थालाई हेरेर सुविधा थैलीको सेवासुविधाको नयाँ दररेट कायम गरेको छ। नयाँ सुविधा थैलीमा स्वास्थ्य बीमा अन्तर्गत एक हजार २९० प्रकारका औषधि छन्। अस्पताल टिकट रु ५० तोकिएको छ। शय्याको प्रतिदिन रु २५० राखिएको छ। यस अघि साधारण शय्याको रु दुई सय थियो।

स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत पाँचजना परिवारसम्मका लागि रु तीन हजार पाँच सय बराबरको योगदानका आधारमा रु एक लाखसम्मको स्वास्थ्य सेवासुविधा उपलब्ध गराइन्छ।

यस्तै, थप प्रतिसदस्य रु सात सयका दरले योगदान रकम थपिँदै जाने र प्रतिसदस्य रु २० हजार बराबरको सेवासुविधा थपिने प्रावधान छ। स्वास्थ्य बीमा कार्यक्रमको अधिकतम सेवासुविधाको सीमा रु दुई लाखसम्म तोकिएको छ।

बीमा कार्यक्रममा कुल बीमित परिवार सङ्ख्या २३ लाख ९२ हजार ६७६ जना र कुल बीमित जनसङ्ख्या ७७ लाख ४१ हजार ४८३ जना रहेको छ।

### जलवायु ...

असरस्वरूप हिमताल फुटेको निष्कर्षमा पुगेका छौं। यसलाई पुष्टयाइँ गर्ने आधार, विगतका वातावरणीय प्रवृत्ति, अहिलेसम्म के भए भन्ने वैज्ञानिक प्रमाण जुटाएर घटनाको कारण पत्ता लगाउँछौं।

ताल फुट्नु अघिको तालको आकार भूउपग्रह (सेटेलाइट)को नक्शाबाट निकाल्ने प्रयास गर्‍यौं। तर बादलका कारण निकाल्न सकेनौं। ताल रित्तिसकेपछिको आकार हेरेर पानीको मात्रा निकाल्न सक्छौं। त्यसपछि तालबाट कति पानी बाहिर गयो र त्यसको बहाव कति थियो भन्ने निकाल्छौं। कति पानी कति घण्टासम्म बग्यो भन्ने विषय दूरीका आधारमा पत्ता लाग्छ। पानी नाप्ने विधि छ। त्यो काम बाँकी छ। पानी मात्रै होइन, बाढीसँगै गेग्रान पनि आएको छ। त्यो पनि अध्ययन गर्छौं। सेटेलाइटको नक्शा अनुसार पहिलेको र अहिलेको अवस्था कस्तो छ, पानी, पानीको बहाव र गेग्रानको मात्रा पत्ता लगाउँछौं। गेग्रानमा कस्ता चट्टान थिए भनेर पनि अध्ययन गर्छौं।

यस घटनाले हामीलाई विशिष्ट पाठ सिकाएको छ। हिमाली क्षेत्रमा रहेका साना ताल पनि उत्तिकै जोखिममा रहेछन्। हिमतालको जोखिम प्राथिमिकीकरण गर्ने तरीका नै पुनरावलोकन गर्नुपर्ने रहेछ। यस कामलाई प्राथमिकता दिन्छौं। ठूलठूला मात्रै होइन, साना तालले पनि मुख्यगरी बस्तीलाई नोक्सानी पुर्‍याउन सक्दा रहेछन्। बस्ती एक/डेढ सय किलोमिटर तल हुँदा हुन् त त्यति क्षति गर्दैनथ्यो होला। साना ताल विस्फोट हुँदा बस्ती, पुल, जलविद्युत् आयोजना, विद्यालयलगायत संरचना नजीकै छ भने क्षति बढी हुन सक्छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सहसचिवको नेतृत्वमा जल तथा मौसम विज्ञान विभाग, खानी विभाग, सिंचाइ विभाग र सरोकार भएका निकायका प्रतिनिधि तथा विषयविज्ञ सहभागी हुनुहुन्छ। सो टोलीले यसको वैज्ञानिक आधार र कारण, किन ताल फुट्यो ? र यससँग जलवायु परिवर्तनको सम्बन्धलगायत बारेमा अध्ययन गर्छ। अर्को टोलीले सोलुखुम्बुको थामे बजारदेखि ओखलढुङ्गासम्म कुन कुन क्षेत्रमा कति नोक्सानी भए भन्ने अध्ययन गर्छ। टोलीले बाढीबाट बस्ती, स्वास्थ्य चौकी, विद्यालय, सडक, पुल, खानेपानी, जलविद्युत् आयोजना र कृषि क्षेत्रमा भएका नोक्सानीको विवरण तयार गर्छ। दुईवटा टोलीको निष्कर्षका आधारमा आगामी दिनमा थामे बजारको पुनर्स्थापनाका लागि गर्नुपर्ने तयारी, नफुटेका तीनवटा तालको जोखिमको अवस्था, ती तालको पानी घटाउने सम्भावनालगायत बारेमा निचोडमा पुग्छौं। त्यसपछि मात्रै थामे बजारको त्यहीं पुनर्निर्माण गर्ने कि स्थानान्तरण गर्ने निर्णय गर्छौं।

सो घटना रातिमा भएको भए ठूलो मानवीय क्षति हुन सक्थ्यो। सबैभन्दा पहिला विद्यालयमा खेलिरहेका बालबालिकाले त्यो पहिरो देख्नुभएछ। सो विद्यालय थामे बजारभन्दा थोरै उत्तरमा छ। उहाँहरूले आफ्ना शिक्षकलाई सुनाउनुभएछ। शिक्षकले विद्यार्थीलाई सुरक्षित स्थानमा लैजानुभएछ। थामे उपत्यका धेरै फराकिलो छैन। नदीको खोंच जस्तो छ। केही परिवार दायाँपट्टि र केही बायाँपट्टि हुनुहुँदो रहेछ। इन्टरनेटको राम्रो सुविधा भएको ठाउँ र एकताबद्ध समुदाय रहेछ। बाढी देख्ने बित्तिकै उहाँहरूले सामाजिक सञ्जालका समूहमा खबर गर्नुभएछ। अहिले पर्यटकीय सिजन नभएको हुँदा त्यहाँ विदेशी पर्यटक हुनुहुँदो रहेनछ। बेलैमा खबर पाएका कारण उहाँहरू सुरक्षित स्थानमा जान भ्याउनुभएछ।

यो स्तरको घटना अहिलेसम्म बेहोरिएकै थिएन। २०४२ सालमा डिक्छो हिमताल फुट्यो। त्यति बेला राज्यको केही तयारी थिएन। सो हिमताल फुटेपछि मात्र नेपालमा मुख्यगरी हिमालय क्षेत्रमा हिमतालको जोखिम बढ्दो छ, यसका प्रभाव बढी हुन सक्छ भनेर नेपाल सरकार, विषयविज्ञ र अन्तर्राष्ट्रियजगत्को चासो बढ्न थालेको हो। त्योभन्दा अगाडि पनि थुप्रैपटक हिमताल फुटेका तथ्याङ्क भेटिन्छन्। तर यत्तिको राष्ट्रिय/अन्तर्राष्ट्रिय चासो बढ्न थालेको डिक्छो हिमताल फुटेपछि नै हो। यसपछि अनवरतरूपमा हिमतालका बारेमा अध्ययन हुन थाले। नेपालमा तीन हजार ६२४ वटा हिमताल रहेको विभिन्न अध्ययनले देखाएका छन्। ४७ वटा जोखिमयुक्त र तीमध्ये २० वटा जुनसुकै बेला फुट्न सक्ने अवस्थाका छन्। अहिले फुटेकोताललाई जोखिमयुक्त मानिएको थिएन। जोखिमयुक्त तालका पानी घटाउनुपर्छ भनेर केही काम भएका छन्।

नेपालसँग हिमालय पर्वत क्षेत्रमैं हिमतालको जोखिम न्यूनीकरणका काम गरेको विशिष्ट अनुभव छ। हिमतालको जोखिम न्यूनीकरण गर्ने कार्य आफैंमा जोखिमयुक्त र खर्चिलो पनि छ। यद्यपि प्राधिकरणले जोखिमयुक्त तालको पानी घटाउने तथा पूर्वसूचना प्रणाली जडान गर्ने काम गरिरहेको छ। जलवायु परिवर्तनको दृष्टिकोणबाट हेर्ने हो भने बर्खाका बेलामा हिमतालको जोखिम बढी हुन्छ। मनसुनको समयमा तापक्रम पनि सरदरभन्दा बढी हुन्छ। पानी पनि परिरहेको हुन्छ। बादलले ढाकेको अवस्थामा साधारण सेटेलाइटबाट सो क्षेत्रको तस्वीर लिन सकिंदैन। अहिले पनि सो क्षेत्रको स्पष्ट सेटेलाइटको तस्वीर पाउन सकिएको छैन। यसका लागि विशेष खालको सेटेलाइट क्यामेराको प्रयोग गर्नुपर्छ। यो अत्यन्त खर्चिलो हुन्छ। हिमालय क्षेत्रभर नै वर्षभर अझ मुख्यगरी मनसुनको समयमा ट्र्याक गरिरहनुपर्नेरहेछ। केही हलचल देखिएको अवस्थामा तत्कालै वैज्ञानिकको टोली पठाएर अध्ययन गर्नुपर्ने रहेछ। एकपटक मात्र जोखिम अध्ययन गरेर हुँदैन रहेछ भन्ने निचोडमा पुगेका छौं।

हिमतालहरू सामान्यतः हिउँले पुरिएको अवस्थामा सेता हुन्छन्। कि त पानी पग्लेको अवस्थामा कञ्चन नीलो देखिन्छ। हिमताल चलायमान र विचलन हुँदा वा हिमपहिरा झरेका ठाउँमा पानी धमिलो देखिन्छ। त्यहाँ तीनवटा तालमा कञ्चन पानी थिए। एउटा फुटेको र माथिको तालको पानी धमिलो देख्यौं। जलवायु परिवर्तनका कारण तापक्रममा वृद्धि भई ग्लेसियर र पर्माफ्रोस्ट पग्लिंदा हिमताल विस्फोट भएर थामे खोलामा बाढी आएको स्पष्टसँग देख्यौं। जलवायु परितर्वनका कारण हिमाली क्षेत्रमा एक प्रकारको सङ्कट उत्पन्न भइसकेको छ। यस्ता खालका सङ्कटले ठूलो मात्रामा क्षति तथा नोक्सानी ह्वात्तै बढेको पाउन थालेका छौं। जोखिमपूर्ण हिमतालको जोखिम अनुगमन तथा पूर्वचेतावनीका प्रणाली जडान गर्ने साथै जोखिम न्यूनीकरणका उपाय कार्यान्वयनको आवश्यकता टड्कारो रूपमा देखिएको छ।

(राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले गत साउन ३२ गते सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-५ मा हिमताल फुटेर आएको बाढीको कारण र असरबारे बुधवार साँझ सञ्चारकर्मीलाई दिएको जानकारीको सम्पादित अंश)

### माडीमा ...

एक हजारभन्दा बढी हेक्टर क्षेत्रमा माछापालन गरिएको पशु सेवा कार्यालयका मत्स्य विकास अधिकृत भीमदत्त भट्टले जानकारी दिए। जिल्लामा प्रतिहेक्टर दुई दशमलव पाँच क्विन्टल माछा उत्पादन हुँदै आएको छ। परियोजनामार्फत चितवनमा सागसब्जी, धान, केरा, मौरी जोन कार्यक्रम सञ्चालनमा छन्।



**सडक एकतर्फी सुचारुः** अन्तर्राष्ट्रिय राजमार्ग अन्तर्गत गल्छी–रसुवागढी सडकखण्डको बेलकोटगढी नगरपालिका–८ मा बुधवार राति खसेको ठूलो ढुङ्गासहितको पहिरोले अवरुद्ध भएको सडक बिहीवार अपराह्नबाट एकतर्फीरूपमा सञ्चालन गरिँदै । सडक पूर्णरूपमा सञ्चालन गर्न केही दिन लाग्ने गल्छी–रसुवागढी सडक योजनाको कार्यालयले जनाएको छ । तस्बिरः रामहरि न्यौपाने/रासस

# रीनाको शङ्कास्पद मृत्यु, चारजनाविरुद्ध जाहेरी

प्रस, महोत्तरी, ६ भदौ/

महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका वडा नं ८ रमौलमा एक महिलाको शङ्कास्पद मृत्यु भएको छ । सोही स्थान निवासी विवाहिता २० वर्षीया रीनादेवी रायको मङ्गलवार राति मृत्यु भएकोमा बिहीवारसम्म अन्तिम संस्कार हुन सकेको छैन ।

दाइजोको निहुँमा पति रोहनकुमार राउतसहित ससुराली पक्षले हत्या गरेको रीनाको माइती पक्षको आरोप छ । मृतकका पति रोहनले राति खाना खाएर सँगै सुतेकी रीना अचानक बिरामी भएकीले प्रादेशिक अस्पताल जलेश्वरमा उपचारको लागि लगेको र अस्पतालमा नै मृत्यु भएपछि शव घर ल्याएको प्रहरीलाई बयान दिएका छन् ।

यता माइत पक्षले आफूहरू पुग्दा रीनाको मुखबाट रगत बगेको जस्तो र घाँटीमा नीलडाम जस्तो देखिएको भन्दै रीनाको हत्या भएको दाबी गरेका छन् । रीना रक्षाबन्धन मनाएर मङ्गलवार माइतबाट घर फर्किएकी थिइन् ।

छोरीको हत्या भएको दाबी गर्दै माइत पक्षले पति रोहनसहित परिवारका चारजनाविरुद्ध प्रहरीमा कर्तव्यज्यान मुद्दामा जाहेरी दिएको छ । ससुरा ५२ वर्षीय बृजमोहन राउत, सासू ४८ वर्षीया मनतोरदेवी राउत र देवर २५ वर्षीय ओमकुमार राउतविरुद्ध जाहेरी परेको हो ।

मृतक रीनाको शव शल्यपरीक्षणको लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको छ । शल्यपरीक्षणपश्चात् मृत्युको कारण खुल्न सक्ने महोत्तरीका प्रहरी नायब उपरीक्षक सन्तुलाल जयसवारले बताए । जाहेरी परे पनि हालसम्म प्रहरीले कसैलाई पक्राउ नगरेको र घटनाको अनुसन्धान भइरहेको प्रनाउ जयसवारले जानकारी गराए ।

धनुषाको हंसपुर नगरपालिका–६ सोनिगामाकी रीनाको गत वैशाख १९ गते सामाजिक परम्परा अनुसार रोहनसँग विवाह भएको थियो । विवाहको केही दिन दाम्पत्य जीवन राम्रै चले पनि पछिल्लो समय थप दाइजो माइतबाट ल्याउन भनी छोरी रीनालाई पतिसहित घरपरिवारले निरन्तर झैंझगडा, कुटपिट तथा यातना दिने गरेको रीनाका बुबा नवल कुमारको भनाइ छ ।

रक्षाबन्धनपछि छोरीलाई पुर्‍याउन आफैं गएको र अब कुटपिट नगर्न भन्दै समाजका भद्रभलादमीको रोहबरमा ज्वाइँ र उनको परिवारजनलाई सम्झाएर फर्किएको उनले बताए ।

# रौतहटमा अश्लील नाचगानमा रोक



प्रस, वीरगंज, ६ भदौ/

जिल्ला प्रहरी कार्यालय, रौतहटले चाडपर्वको नाममा अश्लीलता झल्किने भोजपुरी गीतमा नाचगान गर्न रोक लगाएको छ ।

बिहीवार सूचना जारी गर्दै राति अश्लीलता झल्किने भोजपुरी गीतमा नाचगान गर्न रोक लगाएको जिप्रका, रौतहटकी प्रहरी नायब उपरीक्षक एलिजा गिरीले बताइन् ।

सूचनामा अनुमतिविना चाडपर्वको नाममा गाउँमा अश्लीलता झल्किने किसिमका भोजपुरीको गीत गाउने, लवण्डा नचाउने, आर्केस्ट्रा नचाउने, मनोरञ्जनका नाममा जुवातास खेलाउनेलगायतका गतिविधि गरेको पाइएमा सोको जिम्मेवार आयोजक पक्ष हुने उल्लेख छ ।






# खेलकूदको संसार

## नेपालले बङ्गलादेशलाई हरायो

काठमाडौं, ६ भदौ/रासस

दक्षिण एशियाली फूटबल महासङ्घ (साफ) यू–२० च्याम्पियनपशिप फूटबल प्रतियोगितामा बङ्गलादेशलाई हराउँदै नेपाल समूह विजेताका रूपमा सेमिफाइनलमा पुगेको छ ।

सातदोबाटोस्थित एन्फा (अखिल नेपाल फूटबल सङ्घ) कम्प्लेक्सको खेलमैदानमा बिहीवार भएको समूह चरणको आफ्नो अन्तिम खेलमा नेपालले बङ्गलादेशलाई २–१ गोलअन्तरले पराजित गर्दै समूह 'ए'को विजेताको रूपमा सेमिफाइनलमा पुगेको हो । नेपालले आफ्नो पहिलो खेलमा श्रीलङ्कालाई १–० गोलअन्तरले पराजित गरेको थियो । नेपालको दुई खेलमा छ अङ्क भएको छ । यस हारसँगै बङ्गलादेश पनि समूह 'ए'को उपविजेता बन्दै सेमिफाइनलमा पुगेको छ । बङ्गलादेशलले तीन अङ्क बटुलेको छ । श्रीलङ्का भने अङ्कविहीन रहँदै प्रतियोगिताबाट बाहिरियो ।



तस्वीरः सौजन्य

नेपालको जीतमा समीर तामाङ र नीराजन धामीले समान एक/एक गोल गरे । दुवै गोल खेलको पहिलो हाफमा भएको थियो । खेलको १७औं मिनेटमा नेपालले पहिलो अग्रता लियो । नेपालका समीरले नेपाललाई पहिलो अग्रता दिलाएका हुन् । त्यसपछि खेलको १९औं मिनेटमा नेपालका अर्का खेलाडी नीराजनले एक गोल थपे । उनले अविनाश स्याङ्तानको क्रसमा गोल गरेका हुन् ।

त्यस्तै, खेलको ४३औं मिनेटमा बङ्गलादेशका लागि मिराजुल इस्लामले पेनाल्टीमार्फत एक गोल फर्काए । नेपालका राम थापाले पेनाल्टी क्षेत्रभित्र मिराजुललाई लडाएपछि रेफ्रीले बङ्गलादेशलाई पेनाल्टी दिएको थियो ।

खेलको दोस्रो हाफमा दुवै टोलीले गोल गर्ने निकै प्रयास गरे पनि सफल हुन सकेनन् र अन्ततः खेल २–१ मा सम्पन्न भयो । समूह 'बी' अन्तर्गत समूह चरणको अन्तिम खेल भोलि हुनेछ । जसमा भारत र माल्दिभ्स आमनेसामने हुनेछन् ।

## ताप्लेजुङ गोल्डकप : बिर्तामोड सेमिफाइनलमा

ताप्लेजुङ, ६ भदौ/रासस

अन्तर्राष्ट्रिय आमन्त्रण दोस्रो ताप्लेजुङ गोल्डकप अन्तर्गत बिहीवार भएको पहिलो चरणको अन्तिम खेलमा त्रिभुवन आर्मी क्लब काठमाडौंलाई ३–० गोलअन्तरले पराजित गर्दै झापाको बिर्तामोड युनाइटेड फूटबल क्लब सेमिफाइनलमा प्रवेश गरेको छ ।



अन्तिम क्वाटरफाइनल खेलमा बिर्तामोडका अभिषेक गुरुङ, देवेन्द्र कार्की र हिसुब थपलियाले गोल गरेका थिए । झापाले अब सेमिफाइनल खेलमा सिराहाको सलहेस युवा क्लबसँगको भेट पक्का गरेको छ । सिराहाले पाँचथर फूटबल क्लबलाई १–० गोलले हराउँदै सेमिफाइनलको यात्रा तय गरेको हो ।

त्रिभुवन आर्मी क्लब भरत खवास, नवयुग श्रेष्ठसहित मैदानमा उत्रिएको थियो । यस्तै, आसिकबाबू चौधरी, जीतेन्द्र कार्कीलगायतका चर्चित खेलाडी आर्मीको टीममा थिए । बुधवारको खेलबाट मोरङको सगरमाथा युथ क्लब सेमिफाइनलमा प्रवेश गरेको छ । मोरङले रूपन्देहीको बुटवल लुम्बिनी फूटबल क्लबलाई १–० गोलले हराउँदै सेमिफाइनलमा ताप्लेजुङसँगको भिडन्त सुनिश्चित गरेको हो ।

घरेलु टीम सङ्घर्ष स्पोर्टिङ युवा क्लब भारतको कञ्चनजङ्घा फूटबल क्लबलाई ७–५ गोलले पराजित गर्दै सेमिफाइनलमा पुगेको छ । भोलि हुने सेमिफाइनलको पहिलो खेलमा सङ्घर्ष स्पोर्टिङ युवा क्लब र मोरङको सगरमाथा युवा क्लबबीच दिउँसो २ बजे खेल हुनेछ । लाखे जात्रा पर्वका अवसरमा आयोजित प्रतियोगिताको विजेताले नगद रु पाँच लाख र उपविजेताले रु दुई लाख ५० हजार ५५५ सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको फाइनल खेल भदौ १० गते हुनेछ ।

दर्शकका लागि क्वाटरफाइनलमा एक सय, सेमिफाइनलमा दुई सय र फाइनलका लागि रु २५० टिकटदर निर्धारण गरिएको छ । गत वर्षको गोल्डकपमा टिकटबाट मात्र करीब रु १९ लाख सङ्कलन भएको थियो ।

# गाँजा बरामद, महिला फरार

प्रस, वीरगंज, ६ भदौ/

सशस्त्र प्रहरीले गौर–चन्द्रपुर सडकखण्ड अन्तर्गत बालचनपुरबाट १६ किलो गाँजा बरामद गरेको छ ।

सशस्त्र प्रहरी बल ११ नं गणबाट प्रहरी नायब उपरीक्षक भरत विसी र इलाका प्रहरी कार्यालय, चन्द्रपुरले बुधवार गौतम साहको घरमा भाडा लिएर बसेका गौर नगरपालिका–६ सबगढाका कविलासी साहको कोठामा छापा मारेर १५ किलो ९६० ग्राम गाँजा बरामद गरेको हो ।

कविलासी साह रोजगारको सिलसिलामा भारतको पञ्जाबमा रहेको र उनको पत्नी ललिता साह बस्दै आएको कोठाबाट गाँजा बरामद गरिएको सशस्त्र प्रहरी रौतहटका प्रमुख एवं प्रहरी उपरीक्षक विक्रम हुमागाईंले बताए । प्रहरीलाई देखेपछि ललिता साह फरार भएकी र गाँजा इप्रका, चन्द्रपुरमा राखिएको प्रउ हुमागाईंले बताए ।

# ज्यानसम्बन्धी मुद्दा फरार साह पक्राउ

प्रस, वीरगंज, ६ भदौ/

ज्यान तथा डाँकासम्बन्धी कसूरमा फरार रहेका एकजनालाई वीरगंज महानगर–११ मुर्लीबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

पर्सा जिल्ला अदालतले ज्यानसम्बन्धी कूर तथा डाँका मुद्दामा कैद जरिवाना तोकेपछि फरार रहेका वीरगंज–११ मुर्ली निवासी कृष्णा साह तेलीलाई पक्राउ गरिएको जिप्रका, पर्साका प्रवक्ता प्रहरी नायब निरीक्षक दीपक भारतीले बताए । पक्राउ परेका तेलीलाई पर्सा जिल्ला अदालतमा बुझाउने उनले बताए ।


## पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं,
- स्रोतमा बाढी, धमिलो तथा वर्षात्को पानी छिर्न नदिऔं,
- खानेपानीको मुहान तथा स्रोतलाई गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार लगाऔं,
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा भण्डारण गर्ने टङ्की समयसमयमा सफा गरौं,
- घर तथा सार्वजनिक स्थलका पानी टङ्की, धाराका टुटी तथा पानी सङ्कलन गरिएका भाँडा नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड